# २०५७ साल अषाढ जेष्ठ १७ गते

## अर्थ म. महेश आचार्यबाट आर्थिक वर्ष २०५६।५७ को बजेट प्रस्तुत

सम्माननीय सभामुख महोदय,

१. आर्थिक बर्ष २०५७/५८ को आय-व्ययको विवरण प्रस्तुत गर्ने यो बजेट जननिर्वाचित सरकारको १० बर्षको कार्य-अवधि पूरा भएको अवसरमा प्रस्तुत हुने बजेट हो । यो बजेट हाम्रो मुलुकमा श्री ५ को सरकारद्वारा विधिवत बजेट प्रस्तुत गर्ने अभ्यासको स्वर्ण जयन्ती बर्षमा प्रस्तुत भई राखेको बजेट हो । यो बजेट हाम्रो मुलुकका लागि नयाँ सहस्राव्दीको पहिलो बजेट पनि हो । यो ऐतिहासिक अवसरमा म सम्पूर्ण नेपाली दिदी-बहिनी, दाजु-भाइहरुमा हार्दिक अभिवादन गर्न चाहन्छु एवम् देश र प्रजातन्त्रका लागि जीवन बलिदान गर्ने यशस्वी शहिदहरुलाई श्रद्धा पूर्वक स्मरण गर्न चाहन्छु ।

२. प्रजातन्त्र पुनर्स्थापनाको यो दश बर्ष नेपाली जनताको निम्ति मिश्रित परिणामको दशक प्रमाणित भएको छ । यो दश बर्षको अवधिमा हाम्रो प्रजातन्त्र र जनताको संगठित शक्ति र चेतना सुदृढ वन्दै गाउँ तहसम्म पुगेको छ । जनताको संगठित शक्ति र चेतनाद्वारा नेपाली जनता बिकास र सामाजिक न्यायका निम्ति अधिकार माग्ने, आफुलाई हितकर हुने बिकास नीति र योजनाको पक्षपोषण गर्ने, पुरातन सोच र अप्रभावकारी बिकास रणनीति संग असहमत हुने आफ्नो अधिकारको व्यापक अभ्यास गर्न थालेका छन् । यो दश बर्षकै अवधिमा शिक्षा र स्वास्थ्य सेवा, पिउने पानीको सुविधा र ग्रामीण पूर्वाधार बिकासमा उल्लेखनीय विस्तार र प्रगति भएको छ । यस अवधिमा निजी क्षेत्रको सहभागिता, जलस्रोतको बिकास, निर्यात एवम् औद्योगिक गतिविधिमा विस्तार, पर्यटन, हवाई सेवा तथा बित्तीय क्षेत्रको बिकासबाट देशको समग्र अर्थतन्त्रमा अनुकूल प्रभाव पर्दै गएको छ ।

३. कृषिमा अत्यधिक निर्भर रहेको हाम्रो अर्थतन्त्रमा विगत एक दशक भित्र संरचनागत परिवर्तन हुँदै गैर-कृषि क्षेत्रको भूमिका र योगदान विस्तारित भएको छ । कृषि क्षेत्र भित्र पनि निर्वाहमुखी अन्न बालीको परिपाटीमा सिमीत नरही हाम्रो कृषि अर्थतन्त्र यो अवधिमा व्यावसायिक रुपमा अन्न र नगदेबाली उत्पादन, पशुपालन, दुग्ध व्यवसाय, चिया, अलैंची, फलफूल र तरकारी खेती, माछा र कुखुरापालन, रेशम खेती र कफी उत्पादन आदि तर्फ उन्मुख हुँदै गएको छ । प्रजातन्त्रको पुनर्स्थापना संगै ठूला-साना आधुनिक उद्योग र कृषिजन्य उद्योगहरुको स्थापना पनि लगातार बढ्दै गइराखेको छ । यी विस्तारित आर्थिक गतिविधिले गर्दा लाखौं लाख नेपालीका निम्ति आय-आर्जन र रोजगारीका नयाँ अवसरहरु पनि बढिराखेका छन् ।

४. सरकारले तिर्न बाँकी कूल ऋण दायित्व बढ्दै गएपनि यो बढ्दो ऋणभार भुक्तानी गर्ने हाम्रो क्षमता यो अवधिमा खस्किएको छैन र ऋण दायित्व समयमैं भुक्तानी गर्न सक्ने मुलुकका रुपमा नेपालको साख र विश्वसनीयता अक्षुण्ण छ ।

५. प्रजातन्त्र पुनर्स्थापना पछिका बर्षहरुमा हाम्रो निर्यात व्यापारमा लगातार बृद्धि भइराखेको छ । हाम्रो निरन्तर बढिराखेको आयातलाई धान्न सक्ने गरी हाम्रो भुक्तानी सन्तुलन सन्तोषप्रद स्थितिमा छ । विदेशी मुद्राको सम्वन्धमा हामीले अबलम्वन गरेको उदार नीति प्रति व्यक्त गरिएका अनेकौं आधारहीन आशंकाका बाबजुद वितेको एक दशक भित्र हाम्रो विदेशी मुद्राको संचिति वृद्धि हुने क्रम रोकिएको छैन । दश महिना भन्दा बढी अवधिको आयात धान्न सक्ने गरी

हाम्रो विदेशी मुद्राको संचिति अहिले रु. ८९ अर्ब भन्दा माथि रहेको छ । यो अवधि भित्र बचत परिचालन र लगानी गर्ने हाम्रा बित्तीय संस्थाहरुको क्षमतामा पनि व्यापक वृद्धि भएको छ । प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरुको संख्या दश बर्षको अन्तरालमा २३ हजार ७५९ बाट ३७ हजार ३९७ पुगेको छ । एक दशक अगाडि माध्यमिक तहसम्म अध्ययन गरिराखेका करीव ३४ लाख ९८ हजार विद्यार्थीहरुको संख्या अहिले ५२ लाख ८६ हजार सम्म पुगेको छ । २०४८ सालमा साक्षरता ३९.६ प्रतिशत रहेकोमा २०५४ सालमा ५२.६ प्रतिशत पुगेको छ । यसरी विद्यालय भवन र विद्यालयमा पढ्न पाउने अवसरमा प्रजातन्त्रको पुनर्स्थापना पछि व्यापक मात्रामा सुधार भएको छ । दश बर्ष अगाडि स्वास्थ्य क्षेत्रमा २८ हजार स्वास्थ्यकर्मीहरुले सेवा र सुविधा पुऱ्याउँथे भने अहिले उनीहरुको संख्या बढेर ७९ हजार पुगेको छ । बितेको एक दशकमा शिशु मृत्युदर घट्न गएको छ । २०४७ सालमा शिशु मृत्युदर प्रतिहजार १०२ रहेकोमा २०५७ मा यो दर ६४ मा झरेको छ । सरदर औषत आयु २०४७ मा साढे ४९ बर्ष रहेकोमा हाल यो औषत ५८.९ बर्ष पुगेको छ । कूल प्रजनन दर २०४८ मा ५.६ रहेकोमा २०५६ मा ४.३ मा ओर्लिएको छ ।

६. प्रजातन्त्र पुनर्स्थापनाको प्रारम्भिक बर्ष सन् १९९० मा २ लाख ५५ हजार पर्यटकहरुले नेपाल भ्रमण गरेको अभिलिखित छ भने सन् १९९९ मा नेपाल भ्रमण गर्ने पर्यटकहरुको संख्या ४ लाख ९२ हजार पुगेको छ । पर्यटकहरुका निम्ति सेवा र सुविधा तदनुकूल बढ्दै गएका छन् । पर्यटन क्षेत्रबाट मुलुकले आर्थिक बर्ष २०४६/४७ मा रु. ३ अर्ब १२ करोड रुपैयाँ आर्जन गर्थ्यो, आर्थिक बर्ष २०५५/५६ मा यो रकम रु. १२ अर्ब १७ करोड पुग्यो । सभामुख महोदय, २०४७ आषाढ सम्म मुलुकमा जम्मा ६ हजार ७०६ कि.मी. सडक सुविधा थियो भने २०५६ फागुनमा देशभित्र सडक सुविधा दुई गुणा भन्दा बढी भई १३ हजार ८४९ कि.मी. लामो सडक जालो विस्तारित भएको छ । यो एक दशकमा पिउने पानीको सुविधा नपुगेका लाखौं नेपाली जनतालाई शुद्ध पिउने पानीको सुविधा उपलब्ध हुँदै गएको छ । २०४७ देखि हालसम्म ६८ लाख ५३ हजार थप जनताले यो सुविधा प्राप्त गरेका छन् । हाम्रो राष्ट्रिय विद्युत शक्ति उत्पादन २०४७ सालमा १७६ मेगावाट भएकोमा हाल ३५२ मेगावाट पुगेको छ ।

सभामुख महोदय,

७. यसो भनेर म दश बर्षको स्वर्णिम तस्वीरमा मात्र केन्द्रित हुन चाहन्न । यो एक दशकमा हाम्रा कमजोरी र अर्थतन्त्रका विद्यमान समस्याहरुलाई पनि हाम्रो प्रजातन्त्र र जनताको बढ्दो चेतनाको स्तरले उदांगो पारिदिएको छ । हामीले यो अवधिमा विद्यालय भवनहरु त बनायौं तर विद्यालयमा यथेष्ट शिक्षकहरु अझै उपलब्ध छैनन् । हाम्रो शिक्षाको गुणस्तर र स्वरुप किमार्थ सन्तोषप्रद छैन । गाउँ गाउँमा विद्यालय बनेका छन् तर छोराछोरीलाई विद्यालयमा पठाउने र पढाउने गरिब जनताको सामर्थ्य अझै बढेको छैन । हामीले स्वास्थ्य उपचौकी-स्वास्थ्य केन्द्र र अस्पतालको संख्या त थप्यौं तर गाउँमा डाक्टर र स्वास्थ्यकर्मीहरु एवं पर्याप्त औषधीहरु अझै पुऱ्याउन सकेका छैनौं । गरीब जनताको निम्ति, अकाल मृत्युको शिकार भइराखेका बालबालिकाका निम्ति र प्रसव पीडाको बेला मृत्युको शिकार हुने महिला दिदी बहिनीहरुको निम्ति औषधी मुलोको सुविधा र सामर्थ्य अझै जुटिसकेको छैन । प्रजातन्त्र पुनःर्स्थापना पछि बाटो-घाटोको निर्माण र विस्तार व्यापक मात्रामा भएपनि अहिले पनि लाखौं लाख नेपाली जनताहरु विकट र दुर्गमस्थानहरुमा ढुक्क साथ दुई छाक खान लाउन पाउने सुविधाबाट वञ्चित छन् । उनका निम्ति थपिंदै गएको मोटरबाटो र हवाई सेवा सुविधाको प्रत्यक्ष र खासै ठूलो अर्थ छैन । यस अवधिमा लाखौंलाख रोजगारविहीन र अर्द्ध-वेरोजगारीको अवस्थामा रहेका नेपालीहरुको संख्याको तुलनामा विविध क्षेत्रहरुमा बढेको रोजगारी र आयआर्जनको अवसर अपर्याप्त रहेका छन् । सामाजिक प्रगति र परिवर्तन तर्फ हामीले केही उपलब्धिहरु हासिल गरेको भएपनि हाम्रो समाजमा अहिले पनि विद्यमान सामाजिक असमानता-भेदभाव-छुवाछुत र शोषणले हाम्रा उपलब्धिहरुलाई प्रभावहीन तुल्याउने गर्छ ।

८. वितेको दश बर्षमा जलस्रोतको क्षेत्रमा पनि लगानी र बिकास बढ्दै गएको छ तर जनतालाई विद्युत उपलब्ध गराउने हाम्रो गति र विद्युत महशूल भुक्तानी गर्ने जनताको सामर्थ्य हामीले चाहेजस्तो गरी बढेको छैन । बैंक र बित्तीय संस्थाहरु धमाधम खुल्दै गएका छन् तर पूंजीको लागत पनि हामीले चाहेजस्तो घटेको छैन न त पूंजीमा ग्रामीण र गरीव जनताको पहुँच सन्तोषप्रद ढंगले बढ्न सकेको छ । देश बिकासका निम्ति साधन परिचालन गर्ने हाम्रो प्रयास र दायित्व बढ्दै गएको छ तर साधनको दुरुपयोग रोक्ने हाम्रो संस्थागत क्षमता र चेतना अझै पनि दुर्वल छ ।

सभामुख महोदय

९. यसरी दश बर्षको प्रजातान्त्रिक अभ्यासले हाम्रो आर्थिक बिकासका लागि सम्भावनाका थुप्रै ढोकाहरु उघारेको छ र अर्थतन्त्रमा विद्यमान कमजोरी र विसंगतिहरुलाई सुधार गर्ने नयाँ अवसरहरुको पनि सिर्जना गरेको छ । आर्थिक बर्ष २०५६।५७ को बजेट प्रस्तुत गर्दा मैले अर्थतन्त्रमा विद्यमान केही प्रमुख चुनौतिहरुलाई संकेत गरेको थिएं । सिंचाई सुविधाको अभाव, कृषि सामग्रीको अपर्याप्तता, पुरातन् प्रविधिको प्रयोग जस्ता कारणले हाम्रो कृषि अर्थतन्त्र न्यून उत्पादकत्वको समस्याले ग्रसित भएको कुरा उल्लेख गरेको थिएं । औद्योगिक र व्यापारिक लगानीमा देखिएको शिथिलता हटाउनु पर्ने आवश्यकताको चर्चा गरेको थिएं । उच्च जनसंख्या वृद्धिदरका कारण गरीबी र वेरोजगारीको समस्या बल्झिंदै जाने गम्भिर परिस्थितिको उल्लेख गर्दै आर्थिक बर्ष २०५६।५७ को बजेट वक्तव्यमा मैले सार्वजनिक संस्थाहरु ह्रासोन्मुख र बोझिला बन्दै गएका, हाम्रो वित्तिय क्षेत्रमा व्याप्त कमजोरीहरु, विदेशी सहायताको परिचालन र उपयोगमा देखिएका विसंगतिहरु, आयोजना छनौटमा रहेको तदर्थवाद र आयोजनाहरुको कार्यान्वयनमा रहेका थुप्रै कमजोरीहरुको पनि उल्लेख गरेको थिएँ । हाम्रो प्रशासनयन्त्रको गिर्दो मनोवल, हाम्रो संस्थाहरुको ह्रासोन्मुख क्षमता, सार्वजनिक जीवनमा देखिएको भ्रष्ट आचरण र आर्थिक अनुशासनहीनतालाई पनि मैले गम्भिर चुनौतिका रुपमा प्रस्तुत गरेको थिएँ । सरकारी खर्च र राजस्व परिचालनमा बढ्दो असन्तुलनका कारण वृद्धि हुंदै गएको बजेट घाटा नियन्त्रण गर्न खर्च व्यवस्थापन र राजस्व परिचालनमा व्यापक सुधारको आवश्यकतामा पनि जोड दिएको थिएँ । बेरोजगारीको समस्या, न्यून बचत दर र लगानीको कम उत्पादनशीलताले अर्थतन्त्रमा प्रतिकूल प्रभाव परेको चर्चा गरेको थिएँ ।

सभामुख महोदय,

१०. यी चुनौति र समस्याहरु अहिले पनि हाम्रो अर्थतन्त्रका मूलभूत चुनौतिहरु हुन । यी चुनौति र समस्याहरुको कारण र प्रभाव यति गहिरो र व्यापक छ जसलाई एक-दुई बर्षको नीति-कार्यक्रम र प्रयासले मात्र सम्पूर्ण रुपमा समाधान गर्न सकिन्न । आगामी केहि बर्षसम्मको नीतिगत, संस्थागत र संरचनात्मक सुधारका निम्ति हाम्रो निरन्तर प्रयास तथा सशक्त र समन्वित राष्ट्रिय संकल्पको आधारमा मात्र आर्थिक बिकासको अपेक्षित परिणाम प्राप्त हुन सक्छ । समस्या र चुनौतिहरुको यो यथार्थ पृष्ठभूमी र गरीवी निवारण र आर्थिक सुधारका निम्ति हाम्रो संकल्प र प्राथमिकतालाई केन्द्र विन्दुमा राखेर आगामी आर्थिक बर्षको कार्यक्रम बजेटमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

## चालू आर्थिक बर्षको समीक्षा

सभामुख महोदय,

११. अर्थतन्त्रका मुलभूत प्रवृत्ति, विशेषता र संकेतहरु वारे जानकारी दिने उद्देश्यले आर्थिक सर्भेक्षण, २०५७ यस गरिमामय सदनमा प्रस्तुत गरिसकेको छु । अव म आर्थिक बर्ष २०५६/५७ को आर्थिक स्थितिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. यस आर्थिक बर्षमा कृषि उत्पादन ५ प्रतिशत र गैर-कृषि उत्पादन ६.७ प्रतिशत गरी कूल गार्हस्थ उत्पादन ६ प्रतिशतले बढ्ने अनुमान रहेको छ । यो बृद्धि आर्थिक बर्ष २०५०/५१ पछिको सबै भन्दा उच्च बृद्धि हो । गत आर्थिक बर्षमा कृषि क्षेत्र २.७ प्रतिशत र गैर-कृषि क्षेत्र ४.९ प्रतिशत गरी समग्र आर्थिक बृद्धिदर ४.० प्रतिशत रहेको थियो । गत बर्ष औद्योगिक क्षेत्रको वृद्धिदर ५.७ प्रतिशत रहेकोमा चालु बर्षमा ११.८ प्रतिशतको उच्च बृद्धि रहने अनुमान छ ।

१३. गत आर्थिक बर्षमा रु. ३७ अर्ब १३ करोडको राजस्व परिचालन भएकोमा यस आर्थिक बर्षमा त्यसमा १४.७ प्रतिशतले बृद्धि भई रु. ४२ अर्ब ५८ करोड संकलन हुने संशोधित अनुमान छ जुन यस बर्षको लक्षित राजस्वको ९५.७ प्रतिशत हुन आउँछ । राजस्व/कूल गार्हस्थ उत्पादन अनुपात आर्थिक बर्ष २०५५/५६ मा १०.९ प्रतिशत रहेकोमा यस आर्थिक बर्षमा ११.३ प्रतिशत रहने अनुमान छ ।

१४. चालू आर्थिक बर्षमा साधारणतर्फ रु. ३५ अर्ब ३८ करोड ६३ लाख र बिकासतर्फ रु. ४१ अर्ब ८५ करोड १९ लाख गरी कूल रु. ७७ अर्ब २३ करोड ८२ लाखको बार्षिक विनियोजन भएको थियो । शान्ति सुरक्षाको लागि समेत अतिरिक्त स्रोतहरुको परिचालन गर्नु परेकोले चालु आर्थिक बर्ष साधारणतर्फ रु. ३४ अर्ब २७ करोड २७ लाख अर्थात विनियोजित बजेटको ९६.९ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । तर विभिन्न कारणहरुले गर्दा बैदेशिक अनुदान र ऋण परिचालनमा लक्ष अनुसार सुधार हुन नसक्दा तथा आन्तरिक राजस्व परिचालनमा अपेक्षित लोचकता आउन नसक्दा बिकास खर्चमा प्रतिकूल प्रभाव पर्न गई जम्मा रु. ३३ अर्ब २९ करोड २० लाख अर्थात विनियोजित बजेटको ७९.५ प्रतिशत बिकास खर्च हुने संशोधित अनुमान छ ।

१५. आर्थिक बर्ष २०४६/४७ पछि पहिलो पल्ट गत आर्थिक बर्षमा ८.२ प्रतिशतले घट्न गएको कूल लगानी यस आर्थिक बर्षमा १४.९ प्रतिशतले बढेको छ । गत आर्थिक बर्षमा ८.९ प्रतिशतले बढेको कूल गार्हस्थ बचत भने चालू बर्षमा पुनः ९.९ प्रतिशतले बढ्न गएको छ । कूल गार्हस्थ उत्पादनसंग बचत र लगानीको अनुपात गत आर्थिक बर्षमा क्रमशः १३.३ प्रतिशत र २०.२ प्रतिशत रहेकोमा यस आर्थिक बर्षमा क्रमशः १३.२ प्रतिशत र २०.९ प्रतिशत रहेको छ ।

१६. यस आर्थिक बर्षको प्रथम नौ महिनामा गत आर्थिक बर्षको सोही अवधिको तुलनामा कूल निर्यात ४१.९ प्रतिशतले बढेको छ । गत आर्थिक बर्षको यसै अवधिमा यो बृद्धि ३३.४ प्रतिशत थियो । कूल आयात गत अवधिमा ६.६ प्रतिशतले घटेकोमा यस अवधिमा २७.३ प्रतिशतले बढेको छ । कूल ब्यापार घाटा गत अवधिमा २३.३ प्रतिशतले घटेकोमा यस अवधिमा १६.८ प्रतिशतले बढेको छ । ब्यापार घाटामा बृद्धि भएतापनि निर्यातको बृद्धि दर उच्च रहेकोले समग्रमा निर्यात/आयात अनुपात गत अवधिको ४२ प्रतिशतमा सुधार भई यस अवधिमा ४६.८ प्रतिशत पुगेको छ ।

१७. यस बर्षको प्रथम सात महिनामा बाह्य कारोबारको चालु खाता घाटा रु. ३ अर्ब ४६ करोड पुगेको छ । आयातमा संकुचन आएको कारण गत बर्षको यसै अवधिमा यस खातामा रु. ११ करोडको मात्र घाटा भएको थियो । यस अवधिमा भुक्तानी सन्तुलनमा रु. १० अर्ब १६ करोडको बचत भई २०५६ चैत्रमा कूल विदेशी मुद्रा संचिति रु. ८९ अर्ब ६ करोड पुगेको छ । यो संचितिले करीव १० महिनाको बस्तु आयात धान्न सक्दछ ।

१८. यस आर्थिक बर्षको प्रथम नौ महिनामा मुद्रा प्रदाय (संकुचित) १२.४ प्रतिशतले बढेको छ । गत बर्षको यसै अवधिमा यो बृद्धि ९.२ प्रतिशत थियो । गत अवधिमा १६.४ प्रतिशतले बढेको विस्तृत मुद्रा प्रदाय यस अवधिमा नियन्त्रित भई १२.८ प्रतिशतले बढेको छ । गत अवधिमा

१०.१ प्रतिशतले बढेको समग्र राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूची यस अवधिमा २.५ प्रतिशतले मात्र बढी मूल्यमा स्थिरता देखा परेको छ ।

सभामुख महोदय,

१९. अब म आर्थिक बर्ष २०५६/५७ को बजेटले अपनाएको उद्देश्य, नीति र कार्यक्रमहरुको उपलब्धी बारे छोटो चर्चा गर्न चाहन्छु । मन्त्रालयहरुलाई छुट्टयाइएको खर्चको रकम तथा लक्ष्य र प्रगति विवरण पुस्तिका छुट्टै प्रस्तुत गरेको छु ।

२०. चालु बर्षको बजेटले गरिवी घटाउने, उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, आर्थिक सुधारमा निरन्तरता दिंदै निजी क्षेत्रको सहभागितामा सुदृढ अर्थतन्त्रको बिकास गर्ने र सुशासनको प्रत्याभूति दिने उद्देश्यहरु अबलम्बन गरेको थियो ।

२१. गरिबी निवारण संग प्रत्यक्षतः सम्बन्धीत नयाँ कार्यक्रमहरुमा गरीब संग विश्वेश्वर, गरिबी निवारण कोष र जागृति कार्यक्रमको थालनी गरिएको छ । गरीब प्रति सोझै लक्षित यी कार्यक्रमहरुको प्रारम्भिक तयारी गर्न केही समय लागे पनि चालु बर्षको अन्त्य सम्म यी कार्यक्रमहरु व्यवस्थित र संस्थागत ढंगले कार्यान्वयन हुने छन् । विशेष क्षेत्र बिकास कार्यक्रम अन्तर्गत १६ हिमाली र ९ पहाडी जिल्लाहरुमा २१२ वटा आयमूलक, पूर्वाधार निर्माण तथा मानव संसाधन बिकास सम्बन्धी कार्यक्रमहरु सुरुवात गरिएका छन् ।

२२. चालू आर्थिक बर्षभित्र साना किसान तथा सहकारी बिकास बैंक स्थापना हुने तयारीमा छ । स्वरोजगारका अवसरहरु सृजना गर्न कमैयालाई शीपमूलक तालीम तथा अन्धा, बहिरा र शारिरीक अपाङ्गहरुलाई विना धितो रु. २० हजारका दरले लघु कर्जा वितरण गरिएको छ ।

२३. बित्तीय क्षेत्रको सुधार गर्न एक रणनीतिक कार्ययोजना तयार भएको छ । कर्जा असुली विधेयकको मस्यौदा तयार गरी संसदको चालु अधिवेशनमा पेश गर्ने तयारी भएको छ । निर्यातकर्ताहरुलाई सहुलियत दरमा पूर्वनिर्यात कर्जा उपलब्ध गराउने व्यवस्था भएको छ । निर्यातकर्ताहरुलाई विदेशमा सम्पर्क कार्यालय खोल्न विदेशी मुद्रा उपलब्ध गराइएको छ ।

२४. सरकारी कार्यालय, संस्थान र समितिको संगठन, ढाँचा र औचित्यको पुनराबलोकन गरी अनावश्यक निकायलाई बन्द गर्ने, गाभ्ने वा एकीकरण गर्ने नीति अनुरुप मन्त्रालयहरुको संख्या २६ बाट घटाएर २१ मा सीमित गरिएको छ ।

२५. नेपाल चिया बिकास निगमको निजीकरण गर्ने निर्णय भै सकेको छ । सरकारी संस्थानको महाप्रवन्धकको नियुक्ति संस्थान भित्रैबाट, समान प्रकृतिका संस्थानबाट वा श्री ५ को सरकारका कर्मचारी मध्येबाट गर्न र अध्यक्षको नियुक्तिका लागि स्पष्ट आधार र प्रकृया तय गरिएको छ ।

२६. आयोजना संख्या कटौती गर्ने र बिकास आयोजनाको प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ । विदेशी सहायतता सम्वन्धी नीति यसै आर्थिक बर्षभित्र सार्वजनिक हुनेछ ।

२७. राजस्व प्रशासनको क्षेत्रमा दिगो सुधार ल्याउन राजस्व परामर्श समिति गठन गरिएको छ । मूल्य अभिवृद्धि करलाई राजस्व परिचालनको मूल संयन्त्रको रुपमा बिकास गर्ने क्रममा यस करमा दर्ता हुनेहरुको संख्या १७ हजार नाघेको छ । भन्सार तर्फ कारोवार मूल्यलाई मान्यता दिने व्यवस्था प्रारम्भ भईसकेको छ । करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्य प्रारम्भ भएको छ । नयाँ आयकर विधेयकको मस्यौदा तर्जुमा भई सकेको छ र संसदको चालु अधिवेशनमा प्रस्तुत गर्ने तयारी भइरहेको छ । यसै आर्थिक बर्षभित्र राजस्व गस्तीको नयाँ संगठन निर्माण गर्ने कार्य भइसक्ने छ । राजस्व चुहावटको छानवीन सम्वन्धी संसदीय संयुक्त समितिको प्रतिवेदन, २०५६ मा औंल्याइएका केही नीतिगत एवं प्रकृयागत सुधारका सुझावहरु कार्यान्वयन

गरिएका छन् । संसदीय संयुक्त समितिको सुझाव प्रतिवेदनमा औल्याइएका अन्य विषयहरुमा कारवाहीको प्रकृया शुरु गर्न राजस्व अनुसन्धान विभागलाई क्रियाशील बनाइनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत अनुरोध गरिएको छ ।

२८. कक्षा ५ सम्म निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने काम भइरहेको छ । बृद्ध, असहाय, विधवाको भत्ताको सदुपयोग र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले सम्वन्धित निर्देशिकामा आवश्यक सुधार गरी रकमको सदुपयोग भएको छ । कमैया ऋण मोचन कोषमा रु. १ करोड ४१ लाख जम्मा गरिसकिएको छ । साथै, २७३९ जना कमैयालाई विभिन्न १२ विषयमा तालीम प्रदान गरिएको छ ।

२९. यस बर्ष आर्थिक बृद्धिदर सन्तोषजनक रहेको, मूल्य बृद्धिदर अत्यन्त कम रहेको, निर्यात वृद्धिदर निकै उच्च रहेको, मौद्रिक विस्तार नियन्त्रित रहेको, पूँजीको लागत केही घट्न गएको, शेयर बजारमा विस्तार देखा परेको, भुक्तानी सन्तुलनमा बचतको स्थिति उत्साहजनक रहेको तथा विदेशी विनिमय संचितिको स्तर उच्च रहेको जस्ता परिसूचकहरुबाट अर्थतन्त्रमा सकारात्मक प्रवृत्तिहरु बढ्दै गएको स्पष्ट हुन आउँछ ।

सभामुख महोदय,

## उद्देश्य

३०. नवौं योजनाले निर्दिष्ट गरेको "गरिबी घटाउने" मूलभूत उद्देश्य हासिल गर्नु हाम्रो सम्पूर्ण बिकास प्रयास र यो बजेटको पनि सर्वोपरी लक्ष हो । यस लक्ष प्राप्तिका लागि आर्थिक बर्ष २०५७/५८ को बजेटका निम्न उद्देश्यहरु रहने छन् :

(क) सार्वजनिक स्रोत व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने,
(ख) आर्थिक सुधारका कार्यक्रममा तीव्रता ल्याउने, र
(ग) संस्थागत क्षमतामा सुधार ल्याउने ।

## गरिबी घटाउने रणनीति

३१. गरिवी घटाउने उद्देश्य प्राप्तिका लागि श्री ५ को सरकारले निम्न रणनीति अवलम्वन गर्ने छ :

(क) फराकिलो आधार भएको दीगो उच्च आर्थिक बृद्धिदर हासिल गर्ने,
(ख) सामाजिक सेवाका क्षेत्रको बिकासद्वारा आर्थिक अवसरमा गरीब जनताको पहुँच बढाउने,
(ग) संस्थागत, संरचनागत र नीतिगत चुनौतीहरुलाई समाधान गर्दै स्वस्थ र सबल अर्थ संरचना निर्माण गर्ने, र
(घ) गरीव जनताको लागि लक्षित गरिएका गरिबी घटाउने कार्यक्रमहरुलाई प्रभावकारी बनाउने ।

## गरिबी घटाउने कार्यक्रम

३२. विभिन्न मन्त्रालय र निकायहरुले संचालन गर्ने विशेषत: ग्रामीण क्षेत्रका कार्यक्रमहरुलाई "विपन्नलाई आय-निमुखालाई न्याय" को मर्म अनुरुप संचालन गरिने छन् । शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता सामाजिक सेवा क्षेत्रका कार्यक्रमहरुमा विपन्न र पिछडिएका बर्गको पहुँच बढाइनेछ । कृषि, सिंचाई, ग्रामीण तथा लघु कर्जा र सहकारिता जस्ता कार्यक्रमबाट आय आर्जन बढाइनेछ । बन, पर्यावरण, ग्रामीण सडक र पूर्वाधार बिकासका कार्यक्रमहरुले आर्थिक गतिविधि विस्तारित गर्नेछन् । सीप बिकास र तालिम, महिला सशक्तिकरण जस्ता कार्यक्रमहरुले

अतिरिक्त आय आर्जनको अवसर प्रदान गर्नेछन् । यी कार्यक्रमहरु मूलतः दलित, जनजाति-आदिवासी र महिलालाई समूहमा आवद्ध गराई संचालन गरिने छ । यी सबै कार्यक्रमहरु गरिबी घटाउने उद्देश्यद्वारा निर्दिष्ट हुने छन् ।

३३. श्री ५ को सरकारले गरेको विनियोजन बाहेक बैदेशिक प्राविधिक सहायता र विदेशी गैर-सरकारी संस्थाहरु मार्फत ग्रामीण क्षेत्रमा प्रवाहित हुने साधन र स्रोतलाई गरिबी घटाउने मूलभूत उद्देश्यसंग आवद्ध गरिने छ । यसै गरी खाद्य सुरक्षा भण्डार, बृद्ध, विधवा, असहाय तथा अपाङ्ग भत्ताद्वारा ग्रामीण जनतामा पुऱ्याइएको स्रोतलाई गरिबी घटाउने कार्यका रुपमा लक्षित गरिने छ ।

३४. गरिबी निवारण कोषको माध्यमद्वारा गैर-सरकारी संस्थाहरु तथा जिल्ला र गाउँ बिकास समितिका कार्यक्रमहरुलाई परिचालन गरी गरिबी घटाउने प्रत्यक्ष कार्यक्रमहरुलाई आगामी पाँच बर्ष भित्र अधिराज्यका सबै गाउँ बिकास समितिहरुमा पुऱ्याइने छ ।

३५. आर्थिक-सामाजिक बिकासका कार्यक्रमबाट पिछडिएका र आतंकबादबाट समेत मर्माहत भएका क्षेत्र र अति दुर्गम जिल्लाहरुको छनौट गरी यी जिल्लाहरुमा विभिन्न निकायहरुबाट संचालन गरिंदै आएका बिकास निर्माणका कार्यहरुलाई एकीकृत र समन्वयात्मक रुपमा एउटै डांलोको रुपमा (Basket Funding) निकासा दिई जिल्लाका सरकारी निकाय, जिल्ला बिकास समिति एवम् सर्वदलीय सहमतिका आधारमा बिकास निर्माण कार्यहरुको छनौट, तर्जुमा र कार्यान्वयन तथा अनुगमन गराउने व्यवस्था गरिने छ ।

३६. यस आर्थिक बर्षदेखि शुरु भएको गरीबसंग विश्वेश्वर कार्यक्रमलाई सीमित प्रशासनिक खर्च एवम् सानो, छरितो र विवादरहित संरचनाद्वारा अझ बढी प्रभावकारी रुपले संचालन गरिने छ । कमैया प्रथा भएका जिल्लाहरुमा गरिबसंग विश्वेश्वर कार्यक्रम संचालन गर्दा कमैयालाई बैकल्पिक जीवन यापन गर्न सक्ने तुल्याउने गरी लक्षित गरिने छ । कमैया ऋण मोचन कार्यक्रमका साथै यस कार्यक्रमले कमैया मुक्तिमा उल्लेखनीय योगदान दिने छ ।

३७. उपेक्षित, उत्पिडित, दलित, जनजाती, प्रजा एवं अन्य आदिवासीहरुको सामाजिक-आर्थिक अवस्थामा सुधार ल्याउने तथा गरिवी घटाउने कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्दै लगिने छ । बृद्ध तथा आर्थिक दृष्टिकोणले असक्षम जेष्ठ नागरिकहरु सरकारी अस्पतालमा भर्ना भई उपचार गराउँदा लागेको रकममा २५ प्रतिशत रकम सम्म अस्पतालले अनुदान उपलव्ध गराउने कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

३८. महिलाहरुलाई बिकासका विभिन्न क्षेत्रमा सकृय सहभागी बनाउन महिलाहरुको राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रको पहुँचलाई प्रभावकारी बनाइने छ । जागृति महिला आय आर्जन कार्यक्रम, नेतृत्व बिकास, चेलीबेटी बेचबिखन नियन्त्रण र महिलाको लागि सीप बिकास तालिम कार्यक्रमलाई थप गाउँ विकास समितिहरुमा विस्तार गरिने छ । महिलाहरुको हक हितका लागि श्री ५ को सरकारलाई परामर्श दिन एक उच्चस्तरीय "राष्ट्रिय महिला आयोग" गठन गरिने छ ।

३९. जनसंख्याको दीर्घकालीन योजना तर्जुमा गरी जनसंख्या व्यवस्थापनलाई प्रभावकारी बनाइने र परिवार नियोजन कार्यक्रमलाई लक्षित समूहमा पुग्ने गरी विस्तार गरिने छ ।

४०. देशभित्र ठूलो संख्यामा बेरोजगार रहेका श्रमशक्तिलाई शीप प्रदान गरी रोजगार तथा स्वरोजगार कार्यक्रमहरु संचालन गरिने छ । चालु आर्थिक बर्ष देखि संचालन भएको युवा स्वरोजगार कार्यक्रमलाई पुनर्संरचना गरी कार्यान्वयन गरिने छ । शीप बिकास तालिम कार्यक्रमलाई बजारको माग अनुसार आवद्ध गराउन रोजगार विनिमय तथा श्रम बजार सम्वन्धी सूचना संकलन एवं सो को प्रचार प्रसार गर्ने कार्यलाई विस्तार गरिने छ ।

४१. देशमा विद्यमान बेरोजगारीको समस्यालाई न्यून गर्न स्वदेश तथा विदेशका श्रम बजारहरुको अध्ययन गरी अपेक्षित श्रम र शीपको बिकास गरी रोजगारीको अवसरमा सुधार गरिने छ । श्री ५ को सरकारले हालै कतारमा शाही नेपाली राजदुतावास खोलेबाट खाडी क्षेत्रमा कार्यरत नेपाली कामदारहरुको हकहितको संरक्षण हुने विश्वास गरिएको छ ।

४२. देशको कुनै पनि भागमा खाद्यान्न संकटको अवस्था आउन नदिन ४० हजार मेट्रिक टन खाद्यान्नको संचय गर्न राष्ट्रिय खाद्य सुरक्षा भण्डारको स्थापना गर्नुका साथै ८५ हजार क्वीन्टल खाद्यान्न र दुर्गम जिल्लाहरुमा खास लक्षित वर्गहरुमा सुलभ ढंगले आपूर्ति गर्ने प्रवन्ध मिलाइने छ । खाद्यान्न अभाव भएका ठाउँमा कामका लागि खाद्यान्न कार्यक्रमको विस्तार गरिने छ ।

४३. कृषि व्यवसाय, बजार प्रवर्द्धन, संचय एवं उत्पादन सामग्री आपूर्ति सम्वन्धी कार्यक्रममा सहकारी क्षेत्रलाई प्राथमिकताका साथ संलग्न गराइने छ । आगामी आर्थिक बर्षमा निजी क्षेत्रको समेत प्रयासमा सहकारी बैंकको स्थापना गरिने छ । कृषि प्रसारमा गैर-सरकारी क्षेत्र र समुदायमा आधारित संस्थाहरु समेतको सहभागितामा कृषि प्रसारका कार्यक्रमहरु संचालन गरिने छन् ।

४४. मानव बिकास सूचकाङ्कमा पछाडि परेका कर्णाली अञ्चलका पाँच जिल्लाहरुको कृषि बिकासको लागि "कर्णाली अञ्चल विशेष कृषि विकास कार्यक्रम" संचालन गरिने छ । यस अन्तर्गत फलफूल, आलु तथा तरकारी र पशुधन बिकास, खाद्य र जडिबुटी प्रशोधन तथा अनुसन्धान सम्वन्धी कार्यहरु समावेश गरिने छन् ।

४५. गरिबीको रेखा मुनी रहेका बहुसंख्यक कृषकहरुको आयस्तरमा क्रमिक सुधार ल्याउनका लागि विभिन्न जिल्लाहरुमा बाखापालन, ग्रामीण कुखुरापालन, रेशम खेती, तरकारी उत्पादन र माहुरी पालन जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । गरिबी निवारण कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्षमा पाँचै बिकास क्षेत्रका २२ जिल्लाका २ हजार २०० परिवारलाई "व्यवसायोन्मुख बाखा पालन कार्यक्रम" तथा महिला समूह मार्फत सुदूर पश्चिमाञ्चल बिकास क्षेत्रका नौ जिल्लाका ९०० परिवारहरुलाई समेटी "ग्रामीण कुखुरा पालन कार्यक्रम" संचालन गरिने छ ।

४६. नवौं योजना अवधिमा साक्षरता ७० प्रतिशत पुऱ्याउने लक्ष्य अनुरुप राष्ट्रिय अनौपचारिक शिक्षा अभियान कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी बनाउन साक्षरता अभियान कार्यक्रम आगामी आर्थिक बर्ष २० जिल्लामा विस्तार गरिने छ ।

४७. पिछडिएका सबै जनजाति, आदिवासी एवं दलित वर्गका बालबालिकाहरु तथा विपन्न, सामाजिक मुलधारबाट अलग्ग परेका र दुर्गम स्थानमा बसोबास गर्ने विद्यार्थीहरुलाई शिक्षा सर्वसुलभ गराई राष्ट्रिय बिकासको मुल प्रवाहमा समेट्ने उद्देश्यले "सबैका लागि शिक्षा" कार्यक्रम अन्तर्गत प्राथमिक स्तरमा छात्रबृत्ति प्रदान गरिनेछ ।

## सार्वजनिक स्रोत व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने

सभामुख महोदय,

४८. अव म आगामी बर्षको बजेटको उद्देश्य प्राप्त गर्न अवलम्बन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### (क) खर्च व्यवस्थापनमा सुधार

४९. सार्वजनिक स्रोत व्यवस्थापनमा प्रभावकारिता ल्याउन कृषि, सिंचाई, पूर्वाधार बिकास, शिक्षा, स्वास्थ्य जस्ता प्राथमिकताका क्षेत्रहरुमा स्रोत-साधनको बाँडफाँड बढाउँदै लैजाने र सो

लगानीबाट उच्चतम प्रतिफल प्राप्तिका लागि कार्यान्वयन प्रकृयामा सुधार तथा अनुत्पादक खर्चलाई नियन्त्रण गरिने छ । खर्च व्यवस्थापनको प्रयासमा सरकारलाई व्यवसायिक एवं विशेषज्ञको सुझाव समेत प्राप्त होस् भन्ने दृष्टिकोणले एउटा सार्वजनिक खर्च पुनरावलोकन आयोगको (Expenditure Review Commission) गठन गरिने छ । यसबाट देशको दुर्लभ साधन र स्रोत विनियोजनमा तदर्थवादको समाप्ति र बित्तीय अनुशासन कायम हुने छ । यसका साथै सार्वजनिक संस्थानहरुको निजीकरणको प्रकृयालाई तीव्रता दिनुका साथै बित्तीय घाटा कम गर्न ऋण व्यवस्थापन कार्यलाई व्यवस्थित र उत्तरदायी बनाइने छ ।

५०. आर्थिक रुपले संभाव्य नभएका परियोजनाहरुका कारणले र प्रतिफल कम भएका क्षेत्रहरुमा लगानी गर्दै रहनु पर्ने अवस्थाले हाम्रो सार्वजनिक खर्च प्रणाली अपत्यारिलो ढंगले बोझिलो बन्दै गएको छ । यस स्थितिमा सुधार ल्याउन आगामी आर्थिक बर्ष देखि निम्न कुराहरुमा जोड दिइने छ : (क) कार्यसम्पादनमा आधारित विनियोजन (Performance-based Funding) र छानिएका परियोजनाहरुमा बहुबर्षीय विनियोजन योजनाको शुरुआत, (ख) सार्वजनिक खर्च पुनरावलोकन आयोगले अध्ययन गरी सिफारिस गरेका आधारमा संभाव्य योजनाहरुमा अधिकतम लगानी, (ग) नियमित अनुगमन र मूल्यांकन । आगामी आर्थिक बर्ष देखि कार्यान्वयन तहमा संलग्न कर्मचारीहरुलाई बस्तुनिष्ट मूल्याङ्कनको आधारमा "प्रधानमन्त्री पुरस्कार" ले सम्मान गर्ने र लापर्वाही गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिने छ ।

५१. राजस्व परिचालन बढाउँदै लैजान राजस्व प्रशासनमा सुधार गरिनुका साथै आजसम्म करको परिधिभन्दा बाहिर रहेका नयाँ क्षेत्रहरुबाट राजस्व संकलन गरिने छ । गैर कर राजस्वको नियमित अनुगमन गराई श्री ५ को सरकारले पाउनु पर्ने लाभांश, रोयल्टी, साँवा-ब्याजको संकलनका लागि थप प्रशासनिक प्रयास गरिने छ । यी प्रयासहरुले खर्च व्यवस्थापनमा अनुशासन कायम हुने र राजस्व संकलनमा बढोत्तरी हुन जाने छ । यसले बजेट घाटा कम हुन गई सार्वजनिक स्रोत व्यवस्थापनमा प्रभावकारिता बढ्ने विश्वास लिएको छु ।

५२. प्रत्येक बर्ष बजेटमा बैंकिङ्ग र गैर-बैंकिङ्ग क्षेत्र भनी छुट्टयाई आन्तरिक ऋण उठाइने गरेकोमा आगामी बर्षदेखि यस्तो बर्गीकरण नगरी एकमुष्ठ रुपमा ऋण उठाइने छ । यसबाट अर्थतन्त्रको परिवर्तित आवश्यकता तथा ऋण सेवाको लागतको आधारमा आन्तरिक ऋण परिचालन भई समग्र बित्तीय क्षेत्रको बिकास र सरकारी बित्त व्यवस्थापनमा सुदृढीकरण ल्याउन सहयोग मिल्ने विश्वास लिएको छु ।

## (ख) राजस्व प्रशासनमा सुधार

५३. राजस्व प्रशासनलाई करदाता-मैत्री बनाउन प्रकृयागत सरलीकरण गरी पूर्ण रुपले प्रशासनिक झै-झण्झट मुक्त बनाउनु पर्ने आवश्यकतालाई दृष्टिगत गरी समग्र राजस्व प्रशासनको कार्य प्रकृया र नीति नियममा पारदर्शिता ल्याउन कार्यविधि निर्देशिकाका आधारमा राजस्व प्रशासनलाई काम गर्न लगाइने छ । राजस्व प्रशासनलाई करदाताहरुको सम्मान गर्ने र करदाताले पनि आवश्यक प्रशासनिक प्रकृया पुऱ्याउने वातावरण निर्माण गर्न प्रशासनिक कार्यविधिमा एकरुपता ल्याइने छ ।

५४. मूल्य अभिवृद्धि करको सफल कार्यान्वयनका लागि आयातकर्ता-थोक विक्रेता देखि खुद्रा तह सम्म लेखामा आधारित कारोबार गरी ग्राहकहरुलाई बास्तविक विल दिनु पर्ने अनिवार्यतालाई पालना गराउन विद्यमान प्रशासनिक अप्ठ्यारा र झंझटहरु हटाइने छन् । भन्सार मूल्याङ्कनलाई पूर्णतः कारोबार मूल्यमा आधारित गराइने छ । आगामी आर्थिक बर्ष देखि श्री ५ को सरकारको स्वीकृति लिई हदबन्दी भन्दा बढी जग्गामा व्यवसायिक रुपमा गरिने कृषि व्यवसाय, निर्यात व्यवसाय, सहकारी संस्थाको गैर कृषि व्यवसायिक कारोवारलाई आयकरको दायरामा प्रवेश गराइने छ । साथै, लाभांश एवं बैदेशिक लगानीकर्ताको ऋण लगानीबाट आर्जित ब्याज आयलाई

पनि आयकर क्षेत्र भित्र समाहित गरिने छ । यो निर्णय अप्रिय र कठोर देखिए पनि मुलुकको समग्र हितका निम्ति अपरिहार्य छ ।

५५. समग्र राजस्व प्रशासनमा कार्यमूलक सुधार गरिनुका साथै आगामी आर्थिक बर्षभित्र कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकिकृत गर्ने कार्य प्रारम्भ गरिने छ । करदाताहरुलाई कर्तव्य र अधिकारको प्रशिक्षण दिनुका साथै नागरिक समाजलाई कर निर्धारण पद्धति, प्रगति, कर बाँकीको सूचना दिने आदि प्रवन्ध समेत मिलाइने छ ।

५६. राजस्व प्रशासनका कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण गोष्ठी र पुनर्ताजगी तालिमको माध्यमबाट प्रशिक्षित गराइने छ । राम्रो काम गर्नेलाई पुरष्कृत गर्ने तथा कार्यक्षमता र आचरणमा दोष देखिएका कर्मचारीहरुलाई दण्डित गरिनेछ ।

### (ग) बैदेशिक सहायताको प्रभावकारितामा अभिवृद्धि

५७. बैदेशिक सहायतालाई राष्ट्रिय हित र हाम्रा बिकास प्राथमिकताका आधारमा परिचालन गर्ने, बैदेशिक सहयोगको परिचालन र व्यवस्थापनमा राष्ट्रिय स्वामित्व स्थापित गर्ने, श्री ५ को सरकार र दातृ समुदाय वीच दीर्घकालीन सहभागिताको बिकास गर्ने, दातृ राष्ट्र र समुदायलाई स्वयं कार्यान्वयनकर्ता भन्दा सहजकारी र प्रवर्द्धनकारी निकायको रुपमा परिचालित गर्ने जस्ता आधारभूत पक्षहरुलाई केन्द्रविन्दु बनाई बैदेशिक सहायता नीति यो आर्थिक बर्ष भित्र तयार हुनेछ । बैदेशिक सहायता सम्वन्धी नीतिबाट सहायताको प्रवाह, तरीका र प्राथमिकता सम्वन्धी विषयहरुमा हाल विद्यमान समस्याहरुको समाधान गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

५८. बैदेशिक सहायताको परिचालन बढाउँदा अर्थतन्त्रको ऋण तिर्न सक्ने क्षमतालाई विचार गरी उपलब्ध भएसम्म ऋणलाई भन्दा अनुदान रकमलाई प्राथमिकता दिइने छ । सहायता परिचालनमा क्षेत्रगत वा कार्यक्रमगत सहायतामाथि जोड दिइने छ ।

५९. बैदेशिक आयोजनाको छनौट, सहायता सम्वन्धी वार्ता एवं सहायताका शर्तहरुको स्पष्टता र सहजता जस्ता विषयहरुलाई विशेष ध्यान दिने गरी श्री ५ को सरकारका विभिन्न निकायहरुको संस्थागत क्षमतामा बृद्धि गरिने छ । बाह्य महंगा प्राविधिज्ञ र सल्लाहकारको सट्टा स्थानीय दक्षता र शीपको उपयोग बढाउने सहायता माथि जोड दिइने छ ।

६०. बैदेशिक सहायतामा संचालित आयोजनाहरुको व्यवस्थापन, लेखा व्यवस्था तथा लेखा परीक्षणमा सुधार गरिने छ । बैदेशिक सहायतामा संचालित आयोजनाहरुमा निकाशा र शोधभर्ना सम्वन्धी सुधार कार्यलाई निरन्तरता दिइने छ । दातृ संस्थाबाट प्रदान गरिने वस्तुगत सहायता तथा प्रत्यक्ष अनुदान भुक्तानीलाई लेखापरीक्षणभागी तुल्याइने छ । श्री ५ को सरकारको केन्द्रीय लेखामा दातृ संस्थाबाट अनिबार्यरुपमा खर्चको सूचना प्रवाह हुने व्यवस्था गरिने छ । यस कार्यमा दातृ समुदायको सहयोग प्राप्त हुने छ भन्ने विश्वास लिएको छु ।

## आर्थिक सुधारका कार्यक्रममा तीव्रता ल्याउने

### बित्तीय क्षेत्रको सुधार तथा निजी क्षेत्रको बिकास

६१. बित्तीय क्षेत्रको सुधार गर्न ऋण असुली ऐन र वाणिज्य बैंक ऐनमा सामयिक सुधार सहितका विधेयकहरु यसै अधिवेशनमा प्रस्तुत गरिने छन् । संस्थागत सुदृढिकरण तथा बित्तीय क्षेत्रमा देखा परेका गतिरोधहरु हटाउने कार्ययोजना बनाइ तत्कालै कार्यान्वयन शुरु गरिने छ । सरकारी स्वामित्वमा रहेको राष्ट्रिय बाणिज्य बैंक, कृषि बिकास बैंक, नेपाल औद्योगिक बिकास निगम तथा सरकारी संलग्नता रहेको नेपाल बैंक लिमिटेड जस्ता संस्थाहरुको व्यवस्थापनमा

सुदृढीकरण र पुनर्संरचना कार्य प्रारम्भ गरिने छ । नेपाल राष्ट्र बैंक ऐनमा पनि समसामयिक सुधार गरी बैंकको सुपरिवेक्षण र अनुगमन क्षमता अभिबृद्धि गरिने छ । सबै किसिमका बैंक तथा बित्तीय संस्थाहरुको कर्जा दिने र निक्षेप लिने जस्ता सबै कारोबारहरु नेपाल राष्ट्र बैंकको नियमन, सुपरिवेक्षण र अनुगमन कार्यक्षेत्र भित्र ल्याइने छ । गैर-बैकिङ्ग बित्तीय संस्थाहरुको सञ्चालन र कार्यकुशलतामा सुधार गर्न तथा यी संस्थाहरुमा निक्षेपकर्ताहरुको निक्षेप सुरक्षित रहने व्यवस्था कायम गर्ने कार्यमा केन्द्रीय बैंकको भूमिकालाई प्रभावकारी वनाइने छ ।

६२. ग्रामीण र लघु कर्जासंग सम्बन्धित संस्था र विद्यमान व्यवस्थाहरुलाई अरु क्रियाशील र व्यापक पारिने छ । यसका अतिरिक्त क्षेत्रीय तथा स्थानीय स्तरमा बिकास बैंक तथा अन्य बित्तीय संस्थाहरु स्थापना गर्न प्राथमिकता दिई ग्रामीण कर्जा प्रवाहमा अभिवृद्धि गर्ने प्रयास गरिने छ । ग्रामीण क्षेत्रको गरिबी घटाउने उद्देश्यले स्थापित भएका ग्रामीण बिकास बैंकहरुको साङ्गठनिक र बित्तीय सुदृढीकरणको कार्यक्रम नेपाल राष्ट्र बैंकले कार्यान्वयन गर्ने छ ।

६३. नेपाल राष्ट्र बैंकले तयार गर्ने आवश्यक शर्त र कार्यविधिका आधारमा अन्तर्राष्ट्रिय ख्यातीप्राप्त बैंकका शाखा खोल्ने कार्यलाई अघि बढाइने छ । यसका साथै वीमा वजारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी अभिबृद्धि गराउने नीतिगत र कानूनी व्यवस्थाको कार्यान्वयन गरिने छ ।

६४. धितोपत्र सम्वन्धी नियमन व्यवस्थामा सुधार ल्याउन तथा धितोपत्र कारोवारमा सरलता, सुलभता र पारदर्शिता बढाउन नयाँ धितोपत्र कारोवार ऐनको मस्यौदालाई संसदको आगामी अधिवेशनमा प्रस्तुत गरिने छ । धितोपत्रको नामसारी तथा हक हस्तान्तरणको व्यवस्थालाई सुदृढ र सरलीकृत गराइने छ ।

६५. आगामी आर्थिक बर्षमा एउटा साख मूल्याङ्कन संस्था (Credit Rating Agency) को स्थापना गर्ने व्यवस्था नेपाल राष्ट्र बैंकको अग्रसरतामा प्रारम्भ गरिने छ । यसबाट लगानीको जोखिम यकिन गर्न र पूँजी बजारको बिकास गर्न मद्दत पुग्ने छ ।

६६. आगामी आर्थिक बर्ष नेपाल राष्ट्र बैंक र निजी क्षेत्रको संयुक्त लगानीमा सम्पत्ति निर्माण बित्त कम्पनी (Assets Reconstruction Company) को स्थापना गरिने छ । यस कम्पनीले बाणिज्य बैंकहरुको खराव कर्जाको सुरक्षणमा रहेको घर जग्गा एवं अन्य सम्पत्ति बजारमा उठ्न सक्ने मूल्यमा सकारेर सो मूल्य बराबरको विशेष ऋणपत्र (Bond) बाणिज्य बैंकहरुलाई दिने र यस्तो धितो सम्पत्तिको कारोवारबाट आर्जित नगदबाट आफ्नो विशेष ऋणपत्रको भुक्तानी गर्ने व्यवस्था मिलाउने छ । यसबाट बैंकहरुलाई अनावश्यक रुपमा धितो लिलामीको कानूनी चपेटामा नपरी आफ्नो व्यवसायलाई सुदृढ र संगठित बनाउन सघाउ पुग्ने विश्वास लिएको छु ।

६७. निजी क्षेत्रको स्वामित्व अन्तर्गत विभिन्न बैंक र बित्तीय संस्थाको संख्या बृद्धि तथा यिनीहरुको कारोवार एवं शाखा कार्यालयहरुमा भएको विस्तारलाई दृष्टिगत गरी अन्तिम लेखा परीक्षणका साथै अन्तर्राष्ट्रिय प्रचलन अनुरुप नै तोकिएको रकमसम्म कारोवार गर्ने बैंक शाखाहरुको समेत अनिवार्य रुपमा लेखा परीक्षण गराउने कार्य नेपाल राष्ट्र बैंक मार्फत हुने व्यवस्था मिलाएको छु ।

६८. निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न तथा व्यावसायिक कारोवार खर्चहरु घटाउन आवश्यक नीतिगत, कानूनी, प्रशासकीय र प्रक्रियागत सुधारहरुलाई कार्यान्वयनमा ल्याइने छ । विद्यमान औद्योगिक नीति तथा बैदेशिक लगानी सम्वन्धी व्यवस्थामा समय सापेक्ष पुनरावलोकन गरी लगानी मैत्री वातावरण तयार गर्न विद्यमान प्रशासनिक झै झण्झट हटाइनेछ । उद्योग क्षेत्रको दीर्घकालीन दृष्टिकोणको आवश्यकता पूरा गर्न २०-बर्षे दीर्घकालीन औद्योगिक योजनाको तर्जुमा गरिने छ ।

६९. विभिन्न कारणले प्रतिस्पर्धी हुन नसकेका उद्योगहरु (जस्तै कपडा, डेरी) लाई प्रतिस्पर्धी बनाउन नीतिगत टेवा र सुविधा प्रदान गरिने छ ।

७०. विभिन्न व्यापारिक नामबाट आयात हुने औषधीहरुलाई अनिवार्य दर्ताको व्यवस्था गरी औषधी कम्पनीहरुको रजिष्ट्रेशन दस्तुरमा समय सापेक्ष बृद्धि गरिने छ ।

७१. सार्वजनिक खर्चमा परेको चाप घटाई दुर्लभ स्रोत र साधन अत्यावश्यकीय क्षेत्रहरुमा उपयोग गर्न निजीकरणको प्रक्रियालाई सशक्त ढंगले अघि बढाइने छ । व्यापारिक कार्यहरुमा सरकारी संलग्नता क्रमशः हटाइने छ । निजी क्षेत्रको बिकासको लागि आवश्यक पर्ने समष्टिगत र क्षेत्रगत सुधारका विषयहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाई देशमा लगानी, उत्पादकत्व र आर्थिक वृद्धिदरको लागि उपयुक्त हुने वातावरणको सुनिश्चितता गरिने छ ।

७२. भौतिक पूर्वाधारको बिकास गर्न निजी क्षेत्रको संलग्नता बढाइने छ । भौतिक संरचनाको बिकासको लागि यसको निर्माण, सञ्चालन र हस्तान्तरण (BOT) प्रणालीलाई अघि बढाउने कार्यलाई निरन्तरता दिइने छ ।

## संस्थागत क्षमतामा सुधार ल्याउने

### (क) बिकेन्द्रीकरण

७३. बिकेन्द्रीकरणको प्रक्रियालाई संस्थागत रुपमा विकसित गरी व्यापक गराउने र विगतको प्रगति समिक्षा र अनुगमनको आधारमा कार्यान्वयनको क्रममा उत्पन्न समस्याको निराकरण प्रभावकारी रुपमा गरिने छ । "गाउँको अधिकार गाउँलाई" नै दिन स्थानीय निकाय र संस्थाहरुको क्षमता बृद्धि गरिने छ । स्थानीय स्वायत्त शासन ऐनको प्रावधान अनुसार स्थानीय निकायहरुलाई क्रमशः स्रोत र साधनमा आत्मनिर्भर बनाउँदै लैजान मालपोत र स्थानीय बिकास शुल्कको साथै रजिष्ट्रेशन दस्तुर, मनोरञ्जन शुल्क तथा घरजग्गा करको माध्यमबाट साधन उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

७४. यसका साथै विकास निर्माणका कामहरुमा स्थानीय निकायहरुको जवाफदेहिता बढाइने छ । स्थानीय निकायको व्यवस्थापन, संस्थागत बिकास, योजना तर्जुमा, सूचना प्रणाली, तालीम र सेवा प्रदान गर्ने क्षमताको सुदृढीकरण गर्ने कार्यक्रम संचालन गरिने छ ।

७५. केन्द्रीयस्तरका मन्त्रालय र विभागहरुलाई अधिकतम रुपमा नीति निर्माण, निर्देशन र प्राविधिक सहायता प्रदान गर्ने तथा क्षेत्रीय निर्देशनालयहरुलाई अनुगमन एवम् समन्वय गर्ने निकायको रुपमा परिचालन गरिने छ । स्थानीय निकायहरुको सहभागिता, साझेदारी र संयुक्त प्रयासमा खासगरी जिल्ला बिकास समितिहरुको माध्यमवाट सार्वजनिक सेवा सुविधा र बिकास निर्माणका लागि साधन परिचालन गरिने छ ।

### (ख) सुशासन तथा निजामती सेवा

७६. प्रशासन यन्त्रलाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाई राज्यबाट पाउनु पर्ने सेवा छिटो, छरितो, निष्पक्ष एवं प्रभावकारी ढंगबाट उपलब्ध गराउन सुधारका कार्यहरुमा जोड दिइने छ । सार्वजनिक सेवामा स्वच्छता, कुशलता, परिणाममुखी संस्कार तथा अनुशासन जस्ता प्रशासनका आधारभूत पक्षहरुलाई समेट्दै सार्वजनिक क्षेत्रको भूमिकालाई प्रभावकारी वनाइने छ ।

७७. समग्र शान्ति सुरक्षाको स्थिति सुदृढ गर्ने, सर्वसाधारण जनताको व्यक्तिगत सुरक्षा र न्यायमा पहुँच बढाउने, जनसम्पर्क बढी हुने कार्यालयहरुबाट दिइने सेवामा सुधार ल्याउने र गरीव तथा

लक्षित समूहलाई प्रदान गरिने सेवाको सुलभता र प्रभावकारिता बढाउने कार्यमा सरकारी प्रयास केन्द्रित गरिने छ ।

७८. भ्रष्टाचार नियन्त्रण गर्न गठित समितिले दिएको सुझावलाई कार्यान्वयन गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुदृढीकरण गरी भ्रष्टाचारजन्य क्रियाकलापको बिरुद्धको कारबाही अन्तिम कानूनी परिणती सम्म पुऱ्याइने छ । जिम्मेवार तहमा रहने पदाधिकारीहरुको तजवीजी अधिकार कम गराई पारदर्शी र उत्तरदायित्व ग्रहण गर्नुपर्ने प्रशासकिय परिपाटी वसालिने छ । राजनैतिक दलहरु, गैर-सरकारी संगठनहरु र नागरिक समाजका प्रत्येक क्रियाकलापहरु पनि स्वच्छ, पारदर्शी, उत्तरदायी र कानूनी राज्यको अवधारणा अनुरुप संचालन हुनु पर्ने मान्यताको बिकास गरी तदनुकुलको कानूनी, प्रशासकीय र संस्थागत व्यवस्था गराइने छ । भ्रष्टाचार निवारण सम्वन्धी बर्तमान ऐनलाई सुधार र परिमार्जन गरी सरकारी सुविधा प्राप्त सबैले हरेक बर्ष सम्पत्तिको विवरण दिनै पर्ने र आयको स्रोत भन्दा सम्पत्ति बढी देखिए भ्रष्टाचार प्रमाणित हुने कानूनी प्रावधान राखिने छ । आयको स्रोत नदेखिएको सम्पत्ति भ्रष्टाचार गरेको ठहऱ्याई जफत हुने कानून बनाइने छ ।

७९. निजामती सेवालाई उत्पादनशील, सक्षम र प्रभावकारी वनाउने दिशामा सरकारी निकाय र कर्मचारीतन्त्रलाई ठीक्क आकारमा ल्याइने छ । अनावश्यक संगठनहरु गाभ्ने, बन्द गर्ने अथवा खारेज गर्ने लगायतका प्रशासकीय सुधारका प्रक्रियाहरु अवलम्बन गरिने छन् । अति आवश्यक कार्यमा वाहेक कर्मचारीहरुको नयाँ दरवन्दी तथा नयाँ संगठन सिर्जना नगरिनुका साथै अनुत्पादक दरवन्दी कटौती गरिने छ ।

८०. श्री ५ को सरकारका मन्त्रालय र सो अन्तर्गतका निकाय तथा सरकारी स्वामित्वमा रहेका संस्थाहरुमा रिक्त रहेका सम्पूर्ण दरवन्दीहरु पुनर्संरचना गरी फ्रिज गरिने छन् । पुनर्संरचना नगरिन्जेल पदपूर्ति गरिने छैन । यसरी फ्रिज गर्दा कुनै निकाय वा संस्थामा दरवन्दी कमी वा बढी हुने भएमा सोको मूल्याङ्कन गरी आन्तरिक समायोजनबाट परिपूर्ति गरिने छ ।

८१. यस आर्थिक बर्षको बजेट यस सम्मानित सदनमा प्रस्तुत गर्दा कर्मचारीको खुद आयमा बढोत्तरी हुन नसकेको तथा सुविधा र कार्य उत्प्रेरणा बढ्न नसकेको समस्या उल्लेख गरेको थिएँ । साथै संस्थागत क्षमता ह्रासोन्मुख भएको र प्रशासनिक मनोवल घट्न गएको विषय पनि उल्लेख गरेको थिएँ । प्रशासनिक संयन्त्रलाई व्यावसायिक, सक्षम र सुदृढ बनाउनु पर्ने नीतिगत सुधारको आवश्यकता तथा संस्थागत क्षमता अभिबृद्धि गर्नु पर्ने चुनौतीको पृष्ठभूमिमा जंगी, प्रहरी, निजामती तथा शिक्षक, प्राध्यापकहरुको विद्यमान पारिश्रमिकमा उल्लेखनीय बढोत्तरी गरेको छु । तलवको यो बृद्धि श्री ५ को सरकारले २०५५ सालमा गठन गरेको तलव आयोगको सुझाव अनुरुप गरिएको छ । यस बृद्धिबाट राष्ट्र सेवकको मनोवल, सक्षमता र कार्यदक्षता बढाउन तथा सरकारी क्षेत्रबाट सम्पादित हुने कार्यहरुलाई दक्षतापूर्वक सम्पादन गरी जनताको अत्युत्तम हित अक्षुण्ण राख्न उपयुक्त आधार बन्न जाने विश्वास लिएको छु । प्रस्तावित तलव बृद्धिको विवरण निम्न अनुसार रहेको छ :

| पद/श्रेणी | शुरु तलवमान |
|---|---|
| परिचर स्तर | रु ३,०००/- |
| रात्रपत्रअनंकित चतुर्थ | रु ३,३००/- |
| रात्रपत्रअनंकित तृतिय | रु ३,६३०/- |
| रात्रपत्रअनंकित द्वितिय | रु ४,१००/- |
| रात्रपत्रअनंकित प्रथम | रु ४,९००/- |
| राजपत्रांकित तृतिय | रु ७,५००/- |
| राजपत्रांकित द्वितिय | रु ८,६५०/- |

| | |
|---|---|
| राजपत्रांकित प्रथम | रु १०,५००/- |
| राजपत्रांकित विशिष्ट | रु १४,०००/- |
| मुख्य सचिव | रु १५,०००/- |

८२. प्रचलित निजामती ऐन अनुसार प्रत्येक कर्मचारीले प्रत्येक बर्ष भुक्तान भएपछि १ दिनको तलव बरावर ग्रेड प्राप्त गर्ने व्यवस्था भएकोमा तलव आयोगको प्रतिवेदन अनुसार ग्रेड रकम समायोजन गर्ने सुझाव कार्यान्वयन गर्ने क्रममा उक्त ऐनमा संशोधन गर्ने प्रस्ताव यस सम्मानित सदनमा पेश गरिने छ । उक्त संशोधन स्वीकृति भएपछि प्रस्तावित तलवमान लागु हुनेछ ।

८३. श्री ५ को सरकारको सेवाबाट स्वेच्छिक रुपमा अवकास लिन चाहने २० बर्ष सेवा अवधि पुरा गरेका र ५० बर्ष उमेर पुगेका राष्ट्र सेवकहरुको लागि बढीमा ७ बर्ष सम्मको निवृत्तीभरणको हुन आउने रकम अवकास लिदाको अवस्थामा नै एकमुष्ट प्रदान गर्ने व्यवस्था मिलाएको छु । यसरी कर्मचारीले स्वेच्छिक अवकास लिएको कारणबाट रिक्त हुन आएका पदहरु स्वतः खारेज हुनेछन । तर नभई नहुने दरबन्दी भने कायम राखिने छ ।

८४. दुर्गम जिल्लाहरुमा कार्यरत कर्मचारीहरुले खाईपाई आएको स्थानीय भत्तालाई समयसापेक्ष वनाइने छ । तर कुनै ऐन विशेषले व्यवस्था गरेको बाहेक लेखा भत्ता, स्टोर भत्ता, विशेष भत्ता, प्रशिक्षण भत्ता, अतिरिक्त भत्ता वा अतिरिक्त समय भत्ता तथा अन्य सवै प्रकारको भत्ताहरु नयां तलबमान लागु भएपछि स्वतः खारेज हुने छन् ।

८५. श्री ५ को सरकारको आर्थिक सहयोग वा पूर्ण स्वामित्वमा रहेका सार्वजनिक संस्थान, विकास समिति, परिषद, आयोग, प्रतिष्ठान, प्राधिकरण, आदिमा हाल रिक्त रहेका पदहरु अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना पदपूर्ति नगर्ने व्यवस्था गरेको छु । विकास आयोजनाको कार्यान्वयन गर्ने सिलसिलामा अस्थायी कर्मचारी भर्ना गर्ने विद्यमान परिपाटीको अन्त्य गरि आवश्यकता अनुसार स्थायी कर्मचारीहरुलाई खटाइने व्यवस्था मिलाइएको छ ।

८६. निजामती सेवाबाट निबृत्त हुने कर्मचारीहरुलाई बर्षेनी निबृत्तिभरणको लागि छुट्टयाउनु पर्ने एकमुष्ट रकम "निबृत्तिभरण कोष" नामक एक कोषको सृजना गरी सोबाट व्याज आय आर्जन र लगानी समेत गर्न सक्ने गराउन संयुक्त योगदानको आधारमा कर्मचारीबाट समेत योगदान गर्ने गरी निबृत्तिभरण कोषको स्थापना र संचालन गर्ने सम्वन्धमा सम्भाव्यता अध्ययन गरिने छ ।

## नागरिक समाज

८७. नागरिक समाजलाई हाम्रो विकास प्रयास अभियानको महत्वपूर्ण निकायको रुपमा क्रियाशील गराउन श्री ५ को सरकारले सहयोगी र प्रवर्द्धकको भूमिका निर्वाह गर्नेछ । नागरिक समाजलाई सुशासन, गरिबी निवारण र आर्थिक-सामाजिक बिकासको लागि प्रभावकारी संयन्त्रको रुपमा काम गर्न अभिप्रेरित गरिने छ । कार्य सम्पादन स्तरको मापदण्ड र आचार संहिता बिकास गरी नागरिक समाजको पारदर्शिता र संस्थागत उत्तरदायित्व अभिबृद्धि गर्दै लगिने छ ।

८८. देशको सामाजिक तथा आर्थिक बिकासका लागि अनेकौं क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुबाट राष्ट्रले प्राप्त गर्न सक्ने ठूलो योगदानलाई ध्यानमा राखी यस्ता संस्थाहरुको बिकास र विस्तारका लागि यी संस्थाहरुले आफ्नो आय-व्ययलाई पारदर्शी राख्नु पर्ने, देशमा प्रचलित नियम कानून अनुरुप आफ्नो गतिविधि संचालन गर्नु पर्ने एवं भौगोलिक दृष्टिकोणले दुर्गम क्षेत्रहरुको गरिवी निवारण कार्यमा समेत संलग्न हुनु पर्ने व्यवस्था मिलाइने छ ।

८९. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुको कार्यक्रम, साधन र स्रोतको प्राप्ति र उपयोगलाई पारदर्शी र जिम्मेवार बनाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा यिनीहरुको साधन बढाउन प्रोत्साहित गरिने छ । यसका साथै स्वदेशी वा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुलाई सरकारी निकायबाट प्रदान गरिने सेवालाई पनि छिटो छरितो र प्रशासकिय झंझटरहित बनाइने छ ।

सभामुख महोदय,

९०. शान्ति सुरक्षाको सुदृढ प्रवन्ध हाम्रो आर्थिक र सामाजिक बिकासको मेरुदण्ड हो । नेपालीले नेपालीका विरुद्ध चलाउने हिंसा र हतियारको युद्धले अन्ततः नेपाल र नेपालीकै गरिबी बढाउने र मुलुकको शान्ति र सामर्थ्यलाई क्षत-विक्षत गराउनु बाहेक अर्को कुनै परिणाम ल्याउने छैन । छिमेकी मुलुकहरु यतिखेर गरिबी र विपन्नताका विरुद्ध युद्ध गर्दै प्रगति र उज्यालो भविष्य तिर लम्कदै छन् तर गरीब नेपाल र नेपाली जनताले हिंसा र हतियार अनि बन्धु हत्याको दुष्चक्रमा पर्नु पर्दा हाम्रो भविष्य धेरै पछाडि धकेलिन सक्छ । हिंसाको यो गलत बाटोमा जसले जीवन गुमाए पनि आखिर पुछिने सिन्दुर र फुट्ने शौभाग्यको चुरा त अन्ततः नेपाली चेलीको नै हो । सभामुख महोदय, सरकार सम्पूर्ण नेपाली जनताको प्रतिनिधि र अभिभावक पनि हो । त्यसैले भावनात्मक आवेगमा आई हिंसात्मक क्रियाकलापमा संलग्न रहेका केही युवाहरुमा अहिले पश्चाताप र ग्लानीका संकेत देखिन थालेको पृष्ठभूमिमा हिंसा र हतियारको बाटो त्यागी आफ्नो परिवार, समाज र शान्तिपूर्ण जीवनको लागि राष्ट्रिय मूल प्रवाहमा फर्किन चाहने सबै व्यक्तिहरुलाई प्रोत्साहित गर्ने नीति कायमै राखी आतंकको चपेटामा परेका सर्वसाधारणको उद्धार एवं पुनर्स्थापनाका खातिर सञ्चालित गणेशमान सिंह शान्ति अभियान कार्यक्रमलाई आगामी बर्ष संरचनागत सुधार गरी निरन्तरता दिइने छ ।

९१. मुलुकको शान्ति सुरक्षाको प्रवन्धलाई विश्वसनीय एवं भरपर्दो बनाउन र देशमा भयमुक्त वातावरणको सिर्जना गर्न सुरक्षासंग सम्वन्धित निकायहरुको मौजुदा क्षमतामा अभिवृद्धि गरिने छ । सुरक्षासंग सम्वन्धित सूचना प्रणाली र सजगता (Intelligence) लाई प्राथमिकता दिइने छ । जोखिम तथा खतरापूर्ण कार्यमा खटिने सुरक्षाकर्मीलाई आवश्यक साधन र स्रोतले सम्पन्न वनाइने छ ।

## कृषि तथा सिंचाई

९२. आर्थिक रुपान्तरणको आधार कृषि क्रान्ति भएकाले बजेटमा कृषि उत्पादकत्व अभिबृद्धिलाई प्राथमिकता दिइएको छ । दीर्घकालीन कृषि योजनाको प्राथमिकता अनुरुप सम्भाव्य पकेट क्षेत्रहरुमा विशेष जोड दिई कृषि उत्पादन कार्यक्रम संचालन गरिने छ । यो कार्यक्रमको लागि आवश्यक पर्ने कृषि ऋण, मल, बीउ, तालीम, ग्रामीण पूर्वाधार सडक, सिंचाई आदि एकिकृत रुपमा उपलव्ध गराइने छ । सिंचित क्षेत्रहरुमा बाली सघनता वृद्धि गर्ने र कृषि व्यावसायीकरण तथा विविधीकरणमा जोड दिइने छ । बढी मोल प्राप्त हुने कृषि वस्तुको निर्यात प्रवर्द्धनको लागि आवश्यक अध्ययन, विश्लेषण एवं निर्यात बजार प्रवर्द्धनमा टेवा पुऱ्याउने कार्यक्रमलाई जोड दिइने छ ।

९३. उत्तर-दक्षिण राजमार्गहरुको वरिपरिका क्षेत्रहरुमा उत्पादनमुखी कार्यक्रम संचालन गर्ने तथा फार्म प्राविधिकहरुलाई बजारमुखी कार्यक्रमहरुमा अभिमुख गराइने छ । पशु बिकास तथा दुग्ध उत्पादनका डेरी-पकेट क्षेत्रहरुमा पशु स्वास्थ्य विकासमा विशेष ध्यान दिनुका साथै उत्पादनशील पशुधन बिकासमा जोड दिइने छ ।

९४. भूमि सुधार कार्यक्रमलाई अझ जनमुखी, समय सापेक्ष र प्रभावकारी रुपमा सञ्चालन गरिने छ । भूमि व्यवस्थापन र भूमि सम्वन्धी विभिन्न क्रियाकलापहरुलाई निर्देशित गर्ने गरी राष्ट्रिय भू-उपयोग नीतिको तर्जुमा गरिने छ ।

९५. कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न स-साना टुक्रा जग्गाहरु एकिकृत गरी चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिने छ । स-साना टुक्रामा खण्डित कृषि जमिनलाई चक्लाबन्दी गरी व्यवसायिक खेती गर्न चाहने उद्यमीहरुलाई जग्गा खरीद विक्री गर्दा रजिष्ट्रेशन दस्तुरमा छुट दिने व्यवस्था मिलाइने छ । उद्योग व्यवसायको बिकासमा सघाउ पुऱ्याउन र कृषिमा अनुत्पादक रुपमा रहेको पूँजीलाई औद्योगिक लगानी तर्फ आकर्षित गर्ने उद्देश्यले निजीकरण गरिने संस्थाहरुको शेयर श्री ५ को सरकारले इच्छुक जग्गाधनीबाट भूमि प्राप्त गरी सो बराबरको शेयर प्रमाणपत्र उपलब्ध गराउने नीति अबलम्बन गरिने छ । यसका साथै लामो समयसम्म जग्गा बाँझो राखेर भूमिको उपयोग र उत्पादनमा प्रतिकूल प्रभाव पार्ने जग्गाधनीलाई जरिबाना गर्ने नीतिगत व्यवस्था गरिने छ ।

९६. निजी क्षेत्रबाट संचालित "शीत भण्डार" का लागि विद्युत महशुलमा दिइने अनुदानलाई आगामी बर्ष पनि कायमै राखेको छु । शीत घर निर्माणमा नीजि क्षेत्रको सक्रिय सहभागिताको लागि आगामी बर्ष देखि त्यस्ता घर निर्माणमा उद्यमीहरुले लिएको ऋणको ब्याजमा अनुदान दिने व्यवस्था गरेको छु ।

९७. भूमिगत सिंचाई सम्भाव्यताको आधारमा कृषकहरुको माग वमोजिम स्यालो तथा डीप टयूववेलहरुको निर्माण कार्य चालु राखिने छ । सिंचाईको भरपर्दो बिकासको निमित्त कृषक उपभोक्ताहरुलाई छोटो समयमा सम्पन्न हुने साना सिंचाई योजनाहरुको कार्यान्वयनमा जोड दिइने छ । सिंचाई सुविधा बिकास कार्यक्रमलाई कृषि बिकासको पूर्वाधारको रुपमा लिई कृषक उपभोक्ताहरुको सहभागिताको आधारमा योजना छनौट र निर्माण गर्ने गरी सिंचाई कार्यक्रमहरु चालु राखिने छन् ।

## बन तथा वातावरण

९८. बन पैदावारको संकलन, प्रशोधन तथा प्रवर्धनको लागि तालिम र प्रचार प्रसारका माध्यमबाट ग्रामीण एवं दुर्गम क्षेत्रका जनताको रोजगारी र आय वृद्धिका अवसरहरु बढाइने छ । निकुञ्ज तथा आरक्ष क्षेत्रले गरेको आम्दानीबाट सालिन्दा प्राप्त हुने आर्थिक स्रोतको केही अंशलाई स्थानीय सामुदायिक बिकासमा आय बढाउनुका साथै स्थानीय सम्पदा संरक्षणमा पनि सहभागी गराइनेछ ।

९९. विपन्न वर्गका समुदायलाई सहभागी वनाई गरिबी घटाउने एवं स्वरोजगारको वातावरण सिर्जना गर्नका लागि जडीबुटी प्रवर्द्धन केन्द्र (Herbal Promotion Center) हरु संभाव्य ठाउंहरुमा स्थापना गरिने छ । स्थानीय स्तरमा जडीबुटी खेती र प्रशोधन गरी यसमा संलग्न जनसंख्यालाई लाभान्वित गराउने प्रयास गरिनेछ ।

१००. ग्रामीण क्षेत्रको ऊर्जा आपूर्तिमा वैकल्पिक उर्जा (बायोग्यास, लघु जलविद्युत, सौर्य ऊर्जा, वायु उर्जा आदि) को भूमिकालाई दृष्टिगत गरी ती स्रोत तथा तत्सम्वन्धी प्रविधिको बिकास तथा विस्तारमा जोड दिइने छ ।

## जनसंख्या तथा रोजगारी

१०१. आगामी आर्थिक बर्षमा राष्ट्रिय जनगणना सम्वन्धी कार्यको थालनी गरिने छ । यस पटकको जनगणनामा महिला-पुरुष नक्साङ्कन (Gender Mapping) लाई समावेश गरिने छ । यसबाट

महिलाको आर्थिक-सामाजिक बिकासको लागि आवश्यक पर्ने सूचना प्राप्त भई महिलाहरुको बिकासमा सहयोग पुग्न जाने अपेक्षा गरिएको छ ।

१०२. बैदेशिक रोजगारीलाई बेरोजगारी समस्या समाधान गर्न र बैदेशिक मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा विकसित गर्न विभिन्न प्रवर्द्धनात्मक कदमहरुका साथै बैदेशिक रोजगारीको अवसर बढाउन र सदुपयोग गर्न तथा विदेशमा नेपाली कामदारहरुको हकहित संरक्षण गर्न विदेशस्थित कुटनैतिक नियोगहरुलाई परिचालन गरिने छ ।

१०३. देशको औद्योगिकरणलाई टेवा दिने गरी श्रम नीति र कानूनमा आवश्यक सुधार गरिने छ । औद्योगिक प्रतिष्ठानमा काम गर्ने कामदारहरुको लागि सुरक्षित तथा स्वस्थ वातावरणको व्यवस्था गरिने छ ।

१०४. देशलाई आवश्यक पर्ने निम्न तथा मध्यम-स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न रोजगारमूलक अल्पकालीन तथा दीर्घकालीन तालिम प्रदान गर्न सामुदायिक तथा व्यावसायिक तालिम केन्द्रको विस्तार र पोलिटेक्निक संस्थाहरु स्थापना गर्ने कार्यलाई अघि बढाइने छ ।

## सामाजिक बिकास

१०५. प्राथमिक शिक्षालाई सुदृढ तुल्याउन जनसहभागिताको आधारमा क्रमशः शिशु कक्षाहरुको विस्तार गर्दै लगिने छ । कक्षा पाँच सम्मका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकहरुको वितरण प्रणालीलाई अझ प्रभावकारी, छिटो र छरितो बनाइने छ । शिक्षण पेशामा महिला सहभागिता बृद्धि गर्न प्रत्येक प्राथमिक विद्यालयमा एक महिला शिक्षिकाको अनिवार्य व्यवस्था मिलाइने छ ।

१०६. शिक्षकको क्षमतामा वृद्धि गरी उनीहरुलाई बढी सक्षम र उत्तरदायी बनाई विद्यालय स्तरको शिक्षाको गुणात्मक बिकास गर्न प्राथमिक विद्यालय स्तरका १० हजार र निम्न माध्यमिक विद्यालय स्तरका ३ हजार शिक्षकहरुलाई आगामी बर्ष विभिन्न निकायहरु मार्फत तालिमको व्यवस्था गरिने छ ।

१०७. अध्ययन, अनुसन्धानको निष्कर्ष र परिणाममा भविष्यमा पनि सबैले सहज रुपमा पहुँच बढाई फाइदा लिन सक्ने र एकै प्रकृतिको अध्ययन, अनुसन्धान पटक पटक अनावश्यक रुपमा गरिरहन नपर्ने गराउन शान्ति सुरक्षा र राष्ट्रिय सुरक्षा सम्वन्धी सम्वेदनशील प्रतिवेदनहरु बाहेक अन्य जुनसुकै शोध प्रतिवेदनको एक प्रति अनिवार्य रुपमा नेपाल राष्ट्रिय पुस्तकालयमा पठाउनु पर्ने व्यवस्था मिलाएको छु ।

१०८. असहाय र बृद्धलाई निःशुल्क सेवा प्रदान गर्ने घोषित नीति बमोजिम सरकारले बृद्ध तथा अशक्त व्यक्तिहरुको स्वास्थ्य उपचारलाई अझ व्यवस्थित बनाउने छ । मातृ मृत्युदर, शिशु मृत्युदर एवं बाल मुत्युदरमा न्यूनीकरणका लागि सुरक्षित मातृत्व एवं बाल स्वास्थ्य जस्ता सेवाहरुमा अझ बढी प्रभावकारिता ल्याइने छ ।

१०९. भिटामिन 'ए' तथा आयोडिनयुक्त नुनको वितरणलाई बढी प्रभावकारी रुपमा संचालन गर्नुका साथै जन स्वास्थ्यको क्षेत्रमा समस्याका रुपमा रहेका क्षयरोग, औलो, कालाजार, कुष्ठरोग, एच.आई.भी/एड्स, मष्तिष्कज्वर लगायत आकष्मिक ढंगले महामारीको रुपमा फैलिने रोगहरुको नियन्त्रण गर्न प्रतिरोधात्मक प्रयासमा जोड दिइने छ ।

११०. जिल्ला अस्पताल र क्षेत्रिय अस्पतालको सेवालाई गुणस्तरयुक्त तुल्याउँदै आगामी बर्ष केही जिल्ला अस्पतालको सेवा क्षमतामा बढोत्तरी गरिने छ । अधिराज्यका विभिन्न ठाउंहरुमा आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय क्रमशः स्थापना गर्दै लगिने छ ।

१११. जनतालाई अत्यावश्यक स्वास्थ्य सेवा सुनिश्चित रुपमा उपलब्ध गराउने क्रममास्वास्थ्य वीमा कार्यक्रमलाई संचालन गर्न सम्भाव्यता अध्ययन गराइने छ । स्वास्थ्य संस्थाहरुबाट पुऱ्याइने सेवामा थप प्रभावकारिता ल्याउन सामुदायिक औषधि कार्यक्रम विस्तार गर्दै लगिने छ ।

११२. प्राकृतिक स्रोतहरु नभएका र अन्य बैकल्पिक तरीकाबाट पानी उपलब्ध गराउन नसकिने स्थानहरुमा बर्षातको पानी संकलन गरी पिउने तथा अन्य घरायसी प्रयोजनको लागि प्रयोग गर्ने कार्यक्रम विस्तार गरिने छ ।

११३. काठमाडौं उपत्यकाको लागि मेलम्ची आयोजनाबाट खानेपानी आपूर्तिको व्यवस्था नभएसम्मको अवधिका लागि पानीको माग पूर्ति गर्न उपत्यका वरीपरीका स-साना मूलहरु परिचालन गरी थप पानी उपलब्ध गराउनुका साथै सतह तथा भूमिगत स्रोतहरुलाई समेत उपयोग गरी पानी आपूर्तिमा बृद्धि गरिने छ ।

## निर्यात प्रवर्द्धन तथा लगानी अभिबृद्धि

११४. नयाँ निर्यात-योग्य वस्तु तथा सेवाको पहिचान, उत्पादन तथा गुणस्तर वृद्धि संगै स्थानीय शीप र कच्चा पदार्थमा आधारित तथा मूल्य अभिवृद्धि बढी भएका निर्यातजन्य उद्योगको बिकास र विस्तारमा श्री ५ को सरकारले सहयोग पुऱ्याउने छ ।

११५. प्रतितपत्रको आधारमा कूल निर्यातको ३५ प्रतिशतसम्म सहुलियत व्याजदरमा पूर्व-निर्यात कर्जा उपलब्ध गराउने व्यवस्थालाई आगामी बर्ष पनि कायमै राखिने छ । निर्यातकर्ताहरुलाई ७.५ प्रतिशत व्याजदरमा परिवर्त्य बैदेशिक मुद्रामा ऋण लिन पाउने साविकको व्यवस्थालाई निरन्तरता दिइने छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निर्यात कक्षमा निर्यात सहयोग काउण्टरको व्यवस्था गरी हवाई यात्रीले आफुसंग लैजाने हस्तकला र कम तौलयुक्त वस्तुको निर्यातलाई व्यवस्थित र सरलीकृत गरिने छ । निर्यातमूलक उद्योगको भौतिक पूर्वाधार बिकासको लागि दीर्घकालीन ऋण प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

११६. आगामी आर्थिक बर्ष देखि श्री ५ को सरकारका निकायहरु एवं सरकारी स्वामित्वमा रहेका संस्थानहरुले बस्तु तथा सेवाको खरीदमा संभव भए सम्म स्वदेशी उत्पादन नै खरीद गर्नु पर्ने नीतिगत व्यवस्था गरी कडाइका साथ पालना गरिने छ ।

११७. सन् २००५ पछि नेपाली तयारी पोशाकलाई प्रतिस्पर्धात्मक बनाउन दीर्घकालीन निर्यात नीतिको साथै तयारी पोशाक सम्वन्धी रणनीति तय गरी कार्यान्वयनमा ल्याइने छ ।

११८. महत्वपूर्ण जडिबुटीको स्रोत संरक्षण, संकलन प्रविधिको बिकास, जडिबुटि प्रशोधन र निर्यात प्रवर्द्धनमा जोड दिइने छ । नेपालमा पाइने महत्वपूर्ण जडिबुटिहरुको पेटेन्ट अधिकार सुरक्षित गराइने छ ।

११९. पूर्वाधार बिकास भइसकेका वा हुँदै गरेका केहि चुनिएका पहाडी इलाकाहरु जस्तै इलाम, रबि, धनकुटा, हिले, सिन्धुली, गोरखा, पाल्पा, कैलालीको टिकापुर, दिपायल लगायतका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय स्तरका उत्कृष्ट विद्यालय, मेडिकल, इन्जिनियरिङ्ग, पोलिटेक्निक जस्ता संस्थाहरु, सूचना प्रविधि र मनोरञ्जन केन्द्रहरु, स्वास्थ्य रिसोर्ट, पर्यटन र गल्फ केन्द्रहरु आदिको स्थापना र संचालन गरी नेपाललाई यस्ता क्षेत्रहरुमा अन्तर्राष्ट्रिय प्रसिद्धि दिलाउन तथा रोजगारी, उत्पादन र आय आर्जनका अबसरहरुमा बृद्धि गराउन लगानीको उपयुक्त वातावरण विकसित गरिने छ ।

१२०. तुलनात्मक रुपले प्रतिष्पर्धात्मकता अभिवृद्धि गर्न सकिने लगानीका क्षेत्रहरु जस्तै जलस्रोत, सफ्टवेयर र सूचना प्रविधि, अन्तर्राष्ट्रियस्तरका विद्यालय, क्याम्पस र विश्वविद्यालय, अस्पताल,

वाल उद्यान, खेलकुदको भौतिक पूर्वाधार निर्माण, मनोरञ्जन पार्क, फिल्म स्टुडियो, सम्मेलन केन्द्रको सुविधा निर्माण आदिमा थप लगानीवाट सिर्जित हुने स्थिर सम्पत्तिको ह्रास कट्टी द्रुत गति (accelareted rate) मा हुने व्यवस्था मिलाएको छु। यस व्यवस्थावाट यी क्षेत्रहरुमा लगानी अभिवृद्धि भई औद्योगिकरणमा टेवा पुग्ने विश्वास लिएको छु।

१२१. सूचना प्रविधिको विकास गर्न साविकमा लागि आएको दूरसंचारको सेवा शुल्क निजीक्षेत्रका सूचना सेवा विक्रेताहरुलाई नलाग्ने व्यवस्था मिलाएको छु। यो व्यवस्थाले सूचना प्रविधि सेवा प्रतिस्पर्धी हुने विश्वास लिएको छु।

१२२. शहरी क्षेत्रमा व्यवस्थित र संस्थागत रुपमा निर्मित आवास गृह वा संयुक्त आवास इकाईको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर कम गरेको छु। यसवाट सस्तो, सहज र सुलभ रुपमा शहरी आवास सुविधा उपलब्ध गर्न तथा आवास व्यवस्थापनमा आधुनिकीकरण ल्याउन मद्दत पुग्ने विश्वास लिएको छु।

## संस्कृति तथा पर्यटन

१२३. लुम्बिनी क्षेत्रका रामग्राम, देवदह, तिलौराकोट, कोटिहवा र निगलिहवा जस्ता ऐतिहासिक एवं पुरातात्विक स्थलहरुको बिकासलाई समेत एकीकृत गरी लुम्बिनी क्षेत्रको समग्र गुरुयोजना र बिकास प्रयासलाई अघि बढाइने छ।

१२४. देशका विभिन्न भूभागमा वसोवास गरिरहेका जात, जाति समुदाय र भाषा भाषीहरुको संस्कृतिलाई संरक्षण र सम्वर्द्धन गर्दै सोको राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गरी सांस्कृतिक पर्यटनलाई प्रोत्साहित गरिने छ। साथै पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्मारकहरुको जिर्णोद्धार तथा संरक्षण गर्नुका साथै विश्व सम्पदा क्षेत्रहरुको प्रचार प्रसार गरिने छ।

१२५. पर्यटकहरुको आवागमनलाई सरल गर्न पशुपतिनगर, रानी विराटनगर तथा माधवपुर जलेश्वरबाट समेत पर्यटकहरु आउन जान सक्ने व्यवस्था मिलाउन संभाव्यता अध्ययन गरिने छ। सीमित क्षेत्रमा मात्र खुला गरिएको पर्यटक पदयात्रालाई व्यापक वनाउन नयाँ क्षेत्रहरु खुला गरी त्यस क्षेत्रमा पर्यटकको प्रवाह गराउने व्यवस्था गरिने छ। सन २००२ मा डेष्टिनेशन नेपाल विशेष कार्यक्रम संचालन गरी पर्यटकको संख्या बृद्धि गरिने छ।

## आधारभूत तथा भौतिक पूर्वाधार

१२६. जलस्रोत राष्ट्रिय समृद्धिको प्रमुख आधार रही आएको छ। जलस्रोतको उचित व्यवस्थापन तथा यस स्रोतको समष्टिगत बिकासलाई एकिकृत रुपमा अघि वढाउने उद्देश्य अनुरुप जलस्रोत रणनीतिलाई अन्तिम रुप दिई राष्ट्रिय जल योजना तर्जुमा कार्य प्रारम्भ गरिने छ।

१२७. जलविद्युत बिकासमा निजी क्षेत्रको उत्साहवर्धक सहभागिता तथा विदेशी लगानी कर्ताहरुलाई आकर्षित गर्न बर्तमान ऐन नियमहरुलाई परिमार्जन गरी अझ आकर्षित, पारदर्शी र सरल तुल्याइने छ। विद्युत क्षेत्रको पुनर्संरचना र सुधारको कार्य थालिने छ।

१२८. निर्माणाधिन जल विद्युत आयोजनाहरुलाई निर्धारित समयमै सम्पन्न गर्न प्रयास गरिने छ। विद्युत सेवा पुग्न वांकी रहेका जिल्लाका सदरमुकाममा आगामी आर्थिक बर्ष भित्र विद्युत सेवा उपलब्ध गराइनेछ। यसका अलावा विभिन्न जिल्लाहरुलाई राष्ट्रिय प्रसारणमा आबद्ध गर्दै पाँचथर, ताप्लेजुङ्ग, संखुवासभा, ओखलढुंगा, रुकुम तथा जाजरकोट जिल्लाहरुमा राष्ट्रिय विद्युत प्रसारण पुऱ्याइने छ।

१२९. नदीमा आउने बाढी र नदी कटानबाट कृषि योग्य जमिनको साथै धनजनको क्षतिलाई रोकथाम गर्न गुरुयोजना तयार गरी सोही अनुरुप नदी नियन्त्रण कार्य गर्दै लगिने छ । नदी नियन्त्रण कार्यमा स्थानिय जनसहभागिता र निजी क्षेत्रको संलग्नता प्रोत्साहित गरिने छ ।

१३०. अधिराज्यका सबै इलाकाहरूमा इलाका हुलाक स्थापना गर्ने नीति अनुरूप आगामी आर्थिक बर्ष २० वटा इलाका हुलाकको स्थापना गरिने छ ।

१३१. आगामी बर्ष अधिराज्यका १६ वटा शहरोन्मुख ग्रामीण इलाकामा ग्रामीण एक्सचेन्ज स्थापना गर्ने र अधिराज्यभर करीव ६८ हजार ६०२ लाइन टेलिफोन स्थापना तथा विस्तार गरिने छ । आर्थिक बर्ष २०५९/६० भित्र अधिराज्यका सबै गाउँ बिकास समितिसम्म टेलिफोन सेवा पुऱ्याउन "विशेष ग्रामीण दूरसञ्चार कार्यक्रम" को कार्यान्वयनलाई प्राथमिकता दिइने छ ।

१३२. पत्रकारिता जगतसित सम्बन्धित प्रमुख निकायहरूलाई एकै थलोमा राखी एकीकृत रूपले कार्य गराउनका लागि सञ्चार-ग्रामको निर्माण कार्यलाई निरन्तरता दिइने छ । सूचना प्रविधिको बिकास र विस्तार गर्न सूचना-प्रविधि पार्कको निर्माण गरिने छ ।

१३३. नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यव्यापी बनाउने कार्यका लागि भू-उपग्रह माध्यमको प्रयोग गरिने छ । प्रसारण सेवाको बिकासमा निजी क्षेत्रको सहभागिता र प्रतिस्पर्धात्मकता बढाउन सहयोगी भूमिका निर्वाह गरिने छ ।

१३४. नेपाल अधिराज्यका शहरहरुलाई सुविधायुक्त, स्वच्छ र सुरक्षित तुल्याई सन्तुलित शहर बिकास गर्ने सिलसिलामा शहरको भौतिक, आर्थिक, सामाजिक एवं वातावरणीय पक्षलाई व्यवस्थित गर्न एक राष्ट्रिय शहरी बिकास नीति तर्जुमा गरिने छ । शहर र ग्रामीण क्षेत्र वीच अन्तर्सम्वन्ध कायम गरी साना शहर बजार केन्द्रहरुको बिकास र विस्तारद्वारा ग्रामीण बिकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३५. बिकासको पूर्वाधारका रुपमा रहेको सडक संरचनाको निर्माण र मर्मत सम्वन्धी कार्यक्रमहरु प्रभावकारिताका साथ कार्यान्वयन गरिने छ । हालसम्म सडक यातायात सदरमुकामसम्म नपुगेका जिल्लाहरु मध्ये आगामी बर्ष बझाङ, अछाम र रुकुम जिल्लाहरुमा सडक सुविधा पुऱ्याइने छ ।

१३६. सडक उपभोक्ताहरुको सहयोगबाट सडक मर्मत सम्भार कोष (Road Fund) खडा गरी सो कोषबाट सडक मर्मत सम्भारको लागि रकम उपलब्ध गराइने छ ।

१३७. देशभित्र पर्याप्त अबसरको बिकास गरी विज्ञान र प्रविधिका क्षेत्रमा कार्यरत राष्ट्रिय प्रतिभाहरुको उत्प्रेरणा बढाउन तथा प्रतिभाहरुको पलायन रोक्न अनुसन्धान र बिकासमा निजी क्षेत्रबाट लगानी बृद्धि गराउने नीति अबलम्वन गरिने छ ।

## व्यय अनुमानको प्रस्ताव

सभामुख महोदय,

१३८. अब म आर्थिक बर्ष २०५७/५८ को व्यय अनुमानको प्रस्ताव पेश गर्दछु ।

१३९. आगामी आर्थिक बर्ष जम्मा रु. ९१ अर्ब ६२ करोड १३ लाख ३५ हजार खर्च हुने अनुमान गरिएको छ । यस मध्ये साधारण खर्च रु. ४३ अर्ब ५१ करोड २७ लाख ४६ हजार तथा बिकास खर्च तर्फ रु. ४८ अर्ब १० करोड ८५ लाख ८९ हजार छुट्याएको छु । यो रकम चालु आर्थिक

बर्षको संशोधित अनुमानको तुलनामा साधारण तर्फ २७ प्रतिशत, बिकास तर्फ ४४.५ प्रतिशत र कूल खर्च तर्फ ३५.६ प्रतिशतले बढी छ ।

१४०. साधारण खर्चको विनियोजन मध्ये स्वदेशी एवं बैदेशिक ऋणको सांवा व्याज भुक्तानी तर्फ रु. १२ अर्ब ७६ करोड २८ लाख, रक्षा तर्फ रु. ३ अर्ब ८९ करोड ७१ लाख, प्रहरी तर्फ रु. ५ अर्ब २७ करोड १२ लाख, शिक्षा तर्फ रु. ८ अर्ब २० करोड ३४ लाख र स्वास्थ्य तर्फ रु. १ अर्ब ६६ करोड ३३ लाख विनियोजन गरेको छु ।

१४१. राष्ट्रिय मानव अधिकार आयोगको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४२. नेपाली कांग्रेसको सरकारको प्रतिवद्धता अनुरुप स्वच्छ र निष्पक्ष निर्वाचनको आधारशीला रहेको मतदाताहरुको नामावली अध्यावधिक गरी मतदाता परिचय पत्र वितरण गर्ने कार्यलाई आगामी बर्ष अझै विस्तार गरिने छ । चालु आर्थिक बर्षको अन्तसम्ममा अधिराज्यका ५४ निर्वाचन क्षेत्रहरुमा मतदाता परिचय पत्र वितरण भइसक्ने र आगामी आर्थिक बर्षमा थप ५१ निर्वाचन क्षेत्रहरुमा मतदाता परिचय पत्र वितरण गरी कूल १०५ निर्वाचन क्षेत्रमा यो कार्य सम्पन्न गरिने छ । यसको लागि रु. ८ करोड व्यवस्था गरेको छु ।

१४३. शान्ति सुरक्षालाई विश्वसनिय र दह्रो बनाउन नेपाल प्रहरी भित्र नयाँ जनशक्तिको व्यवस्था गर्न एवम् प्रहरीलाई जनताको भरपर्दो सहयोगी र सुरक्षाको पहरेदारको रुपमा काम गर्न सक्षम बनाउने उद्देश्यका लागि थप १ अर्ब ८६ करोड ५० लाख रकमको व्यवस्था गरेको छु ।

सभामुख महोदय,

१४४. आगामी आर्थिक बर्षका लागि विनियोजन गरिएको कूल रकममध्ये बिकास खर्चको अंश ५२.५ प्रतिशत रहेको छ । यस मध्ये सामाजिक सेवाका लागि ३५.१ प्रतिशत शिक्षाका लागि ७.१ प्रतिशत, स्वास्थ्यका लागि ६.३ प्रतिशत, खानेपानीका लागि ८ प्रतिशत तथा स्थानीय बिकासका लागि १०.७ प्रतिशत रकम छुट्याइएको छ । आर्थिक सेवाहरुका लागि ६३.४ प्रतिशत रकम छुट्याइएको मध्ये यातायातका लागि १३.८ प्रतिशत, विद्युतका लागि २२ प्रतिशत र कृषि, सिंचाई, भूमिसुधार र वनका लागि १९.६ प्रतिशत रकमको व्यवस्था गरेको छु ।

१४५. चालू बर्षको संशोधित अनुमानको तुलनामा बिकास खर्चमा सामाजिक सेवाहरु तर्फ ४४.५ प्रतिशतले र शिक्षा तर्फ ५१.६ प्रतिशत, स्वास्थ्य तर्फ ५९.७ प्रतिशत, खानेपानी तर्फ ७४.६ प्रतिशत र स्थानीय बिकास तर्फ २२.३ प्रतिशतले बढी रकम विनियोजन गरिएको छ । यसैगरी आर्थिक सेवाहरु तर्फ चालू बर्षको संशोधित अनुमानको तुलनामा ४४ प्रतिशतले विनियोजन वृद्धि गरिएको छ । यस मध्ये कृषि तर्फ ३६ प्रतिशत, सिचाई तर्फ ४०.९ प्रतिशत एवं बन तर्फ ३१.५ प्रतिशत, यातायात तर्फ २५.३ प्रतिशत र विद्युत तर्फ ८५.९ प्रतिशत बढी विनियोजन प्रस्ताव गरेको छु ।

१४६. आगामी आर्थिक बर्ष देखि देशको अति दुर्गम कर्णाली अञ्चलका पाँच जिल्लाहरुमा स्थानीय पर्यावरण-अनुकूल खेतीपातीको बिकास गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन "कर्णाली अञ्चल विशेष कृषि बिकास कार्यक्रम" संचालन गरिने छ । आगामी पांच बर्ष भित्रमा कर्णाली अञ्चललाई खाद्यान्नको उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष रहेको यस कार्यक्रमका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

१४७. सडक यातायातको सेवा नपुगेका वा आंशिक सेवा मात्र पुगेका दुर्गम जिल्लाहरु ताप्लेजुङ, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, संखुवासभा, तेह्रथुम, भोजपुर, रामेछाप, गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, बझाङ, बाजुरा, रुकुम, जाजरकोट, रोल्पा, सल्यान, दैलेख, अछाम र दार्चुला गरी २१ जिल्लाहरुमा स्थानीय स्तरमा सम्भाव्य कृषि उपजहरुको उत्पादन बृद्धि गरी ती क्षेत्रहरुलाई

आत्मनिर्भर बनाउन उन्नत कृषि प्रविधि तथा सामग्रीको आपूर्ति गर्ने उद्देश्यले एकिकृत रुपमा विशेष कृषि उत्पादन कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रमले गरिबी घटाउने कार्यक्रमलाई प्रत्यक्ष रुपले सघाउने छ । बीउ बिजन नियमित आपूर्ति गर्न केन्द्रीयस्तरमा बीउ बिजन कम्पनीको स्थापना गरिने छ । यी दुबै कार्यक्रमका लागि रु. ७ करोड ९३ लाख विनियोजन गरेको छु ।

१४८. आगामी बर्ष सिराहा, सप्तरी, उदयपुर, सर्लाही, काभ्रेपलाञ्चोक, मकवानपुर, अर्घाखाँची, बागलुङ, नवलपरासी, दाङ, सुर्खेत, बाँके, जाजरकोट, रुकुम, रोल्पा, प्यूठान, सल्यान, कैलाली, कञ्चनपुर, बझाङ, बाजुरा र डडेलधुरा गरी पाँचै बिकास क्षेत्रका सम्भाव्य २२ जिल्लाहरुमा २ हजार २०० परिवारलाई बाखा साटासाट (बाखा बैंक) व्यवसाय कार्यक्रम र सुदुर पश्चिमाञ्चलका ९ जिल्लाहरुमा ९०० परिवारलाई स्वरोजगार प्रवर्द्धनका लागि व्यवसायोन्मुख ग्रामीण कुखुरा पालन कार्यक्रम तथा भेडा च्यांग्राको उचित प्रतिस्थापन कार्यक्रम, उच्च नश्लका साँढे तथा मुर्रा राँगो वितरण, डाले घाँस तथा चरन भेग बिकास कार्यक्रमहरु संचालन गरिने छ । यस कार्यक्रमका लागि रु. १३ करोड ८७ लाख विनियोजन गरेको छु । विभिन्न जिल्लाहरुमा संचालन हुदै आएको तेश्रो पशु बिकास आयोजनामा कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रु. २० करोड ८८ लाख र कृषि बिकास बैंक मार्फत रु. १५ करोड लगानी गर्ने कार्यक्रम रहेको छ ।

१४९. राजमार्ग र सडक पूर्वाधार पुगेका पूर्वाञ्चलका इलाम, पाँचथर, तेह्रथुम, धनकुटा र उदयपुर जिल्लाहरुलाई बिकास केन्द्र (Growth Centers) को रुपमा विकसित गरी अलैंची, सुन्तला, बेमौसमी तरकारी जस्ता बढी मोल जाने कृषि जन्य बस्तुहरुको उत्पादन बृद्धि कार्यक्रमहरु संचालन गरिने छ । यो कार्यक्रमको लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

१५०. कृषि ऋण, सिंचाई, ग्रामीण सडक र बजार व्यवस्थाको एकिकृत तथा समन्वित सेवाबाट उत्पादकत्व बृद्धि गर्न आगामी आर्थिक बर्षदेखि नमूनाका रुपमा ताप्लेजुङ, सुनसरी, सिन्धुपाल्चोक, नुवाकोट, दोलखा, स्याङ्जा, लमजुङ, दाङ र कंचनपुर जिल्लाहरुका संभाव्य क्षेत्रहरुमा "पकेट प्याकेज" कार्यक्रम अन्तर्गत अलैंची, व्यवसायिक तरकारी खेती, आलु बाली र सघन बाली बिकास जस्ता कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा संचालन गरिने छ । यसका लागि ग्रामीण कृषकहरुलाई आवश्यक ऋण रकम रु. १ करोड ४१ लाख कृषि बिकास बैंक मार्फत लगानी हुने व्यवस्था मिलाएको छु । अन्य सेवा टेवा कार्यक्रमको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१५१. इलाम, सुनसरी, काभ्रेपलाञ्चोक, धादिङ्ग, तनहुँ, चितवन, कास्की र स्याङ्जा जिल्लामा संचालन भइरहेको रेशम खेती उत्पादन कार्यलाई भौतिक पूर्वाधार तथा मेशीनरी औजार उपलब्ध गराउन रु. ४ करोड ८५ लाख छुट्याएको छु ।

१५२. साना किसानको जीवनस्तर बृद्धि गर्न नगदे बालीको रुपमा तत्काल आय आर्जन हुने चिया, कफी, अलैची तथा सुठो जस्ता कृषि बस्तुको उत्पादन तथा विस्तारमा अभिबृद्धि गर्दै कृषकको जीवनस्तरमा सुधार ल्याउन सेवा/टेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रमका लागि रु. १ करोड ६५ लाख विनियोजन गरेको छु ।

१५३. आगामी आर्थिक बर्षमा मध्यपश्चिमाञ्चलको नेपालगञ्जमा एक मत्स्य बिकास केन्द्रको स्थापना गरिने छ । जीविकोपार्जनमा प्रत्यक्ष मद्दत पुऱ्याउने यस व्यवसायको प्राकृतिक जलाशय तथा नदीनालाहरुमा समेत विस्तारबाट आवश्यक मत्स्यजन्य खाद्य पदार्थको आपूर्तिमा समेत सघाउ पुग्न जाने छ । यो कार्यक्रमको लागि रु. ४ करोड २६ लाख विनियोजन गरेको छु ।

१५४. सिंचाईको सुविधा नभएका तर संभाव्य ठाउंमा साना सिंचाई कार्यक्रम संचालन गरिनेछ । एकीकृत कृषि र सिचाई कार्यक्रमको संचालनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि हुन गई कृषकको जीवनस्तरमा सुधार आई गरीबी घटाउने कार्यमा सहयोग पुग्न जाने विश्वास लिएको छु । यस कार्यक्रमका लागि कूल रु. १४ करोड ३९ लाख विनियोजन गरेको छु । सामुदायिक साना सिंचाईमा कृषि बिकास बैंक मार्फत आवश्यकता अनुसार ऋण लगानी गर्ने प्रवन्ध मिलाएको छु ।

१५५. महिलाहरुलाई कृषि उत्पादन र रोजगारीका अबसरमा बृद्धि गरी आय आर्जनमा सघाउ पुऱ्याउन तथा उनीहरुको कृषि प्रसार, तालीम, पशुपालन र विस्तार कार्यक्रमहरुमा सहभागिता बृद्धि गराउने गरी महिला कृषक बिकास कार्यक्रम संचालन गरिने छ । यो कार्यक्रमको लागि रु. ४४ लाख विनियोजन गरेको छु ।

१५६. आगामी आर्थिक बर्ष प्रत्येक बिकास क्षेत्रका पाँच/पाँच सहकारी संस्थाहरुलाई कृषि सामग्रीको बेचविखनका लागि कृषि बिकास बैंकले ऋण सुविधा दिई प्रवर्द्धन गर्नेछ । बैंकले साना किसान विकास कार्यक्रम र साना किसान सहकारी संस्थाहरु मार्फत गरिबी घटाउने कार्यक्रमको लागि ग्रामीण क्षेत्रमा कार्यक्रम संचालन गर्ने छ । दीर्घकालीन कृषि योजनाले निर्दिष्ट गरेका क्षेत्रमा आगामी आर्थिक बर्षमा कृषि विकास बैंकले आफ्नो श्रोत परिचालन गरी रु. ३ अर्ब भन्दा बढी ऋण लगानी गर्ने कार्यक्रम अघि बढाउने छ ।

१५७. आगामी आर्थिक बर्षको लागि श्री ५ को सरकारले कृषि क्षेत्रको निम्ति कूल बिकास खर्च रु.३ अर्ब ३८ करोड ७१ लाख छुट्याएको छु ।

१५८. पूर्वाञ्चल तथा मध्यामाञ्चल क्षेत्रका ३५ जिल्लामा संचालित दोश्रो सिंचाई सेक्टर कार्यक्रमको लागि रु. ६८ करोड ९३ लाख र अन्य तीन बिकास क्षेत्रका ४० जिल्लाहरुमा संचालित नेपाल सिंचाई सेक्टर कार्यक्रमको लागि रु. १ अर्ब ७ करोड ६३ लाख विनियोजन गरेको छु । तराईका संभाव्य क्षेत्रमा कृषक उपभोक्ताहरुको मागको आधारमा विभिन्न जिल्लाहरुमा स्यालो टयूववेल निर्माण गरिने कार्यक्रम रहेको छ । यो कार्यक्रमको लागि रु. ३ करोड ९६ लाख विनियोजन गरेको छु ।

१५९. निर्माणाधिन योजनाहरु मध्ये वागमती सिचाई योजना, राजापुर सिचाई योजना तथा चन्द्रा मोहना सिंचाई योजना र निर्माण कार्य अधुरो रुपमा रहेको महाकाली दोश्रो तथा भैरहवा-लुम्बिनी भूमिगत सिचाई योजनाको कार्य आगामी आर्थिक बर्षमा सम्पन्न हुने छ । कृषक प्रणाली सुधार कार्यक्रम अन्तर्गत २१ हजार १७१ हेक्टर र नयाँ सिचाई प्रणालीबाट २७ हजार ६१६ हेक्टर गरी जम्मा ४८ हजार ७८७ हेक्टर क्षेत्रमा व्यवस्थित सिचाई सुविधा थप गरिने लक्ष्य छ । यी कार्यक्रमहरुको लागि यथेष्ट रकम विनियोजन गरेको छु ।

१६०. विभिन्न नदीहरुको गुरु योजना तयार गरी स्थानीय जनसहभागिता समेत उपलब्ध गराई योजनावद्ध ढङ्गबाट नदी नियन्त्रण गर्ने कार्यक्रमको लागि रु. २९ करोड विनियोजन गरेको छु ।

१६१. बुढी राप्ती नदीबाट चितवन जिल्लाको १ हजार २०० हेक्टर क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले वाघमारा लिफ्ट सिंचाई योजनाका लागि १ करोड तथा बाँके जिल्लामा डुवान क्षेत्रबाट प्रभावित क्षेत्रको समस्या समाधान गर्न र सिंचाई सुविधा उपलब्ध गराउन सिक्टा सिंचाई योजनाको लागि रु. ३ करोड विनियोजन गरेको छु । तराइका विभिन्न जिल्लाहरुमा संचालित भूमिगत जल सिंचाई सेक्टर आयोजना, सामुदायिक स्यालो ट्युबवेल आयोजना, भूमिगत डीप तथा स्यालो ट्युबवेल आयोजनाहरुलाई निरन्तरता दिई संचालन गरिने छ । यी कार्यक्रमहरुको लागि रु. २४ करोड ५० लाख विनियोजन गरेको छु ।

१६२. सिंचाई क्षेत्रमा कूल रु. ४ अर्ब ९४ करोड ६२ लाख विनियोजन प्रस्ताव गरेको छु ।

१६३. भूमिसुधारतर्फ केन्द्रीय एकीकृत भू-सूचना प्रणालीको बिकास, केन्द्रीय भू-स्वामित्व अभिलेखालय जस्ता कार्यक्रमहरु संचालन गरिने छन् । अधिराज्यका विभिन्न स्थानबाट बसाई सराई गरी अव्यवस्थित रुपमा बसोबास गरी आएका परिवार तथा सुकुम्वासीहरुको पहिचान गरी सुकुम्वासी समाधान कार्यक्रम संचालन गरिंदै आएको छ । यस कार्यलाई शिघ्र सम्पन्न गराउन आगामी आर्थिक बर्षमा रु. २ करोड ३० लाख रकम व्यवस्था गरेको छु ।

१६४. नेपाल अधिराज्यका पश्चिम तराईका जिल्लाहरुमा रहेका कमैयाहरुको ऋण मोचन र जिविकोपार्जनका लागि संचालित कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई तिव्रता दिन आगामी आर्थिक बर्षमा रु. ३ करोड १९ लाख रकम छुट्याएको छु ।

१६५. राष्ट्रिय कबुलियति बन कार्यक्रम अन्तर्गत बन जंगल क्षेत्रमा हुने गरेको अबैध अतिक्रमणलाई निरुत्साहित गर्नुका साथै अतिक्रमण भएका बन क्षेत्र मध्ये आर्थिक बर्ष २०५७/५८ मा १ हजार २०० हेक्टर क्षेत्रफलमा नयाँ बृक्षारोपण गरी बातावरणीय संतुलन कायम गर्ने तर्फ विशेष जोड दिइने छ । यी कार्यक्रमहरुको लागि रु. ४ करोड १४ लाख विनियोजन गरेको छु ।

१६६. कामको लागि खाद्यान्न र श्री ५ को सरकारको थप स्रोत परिचालन गरी चुरे तथा सिवालिक भावर क्षेत्रमा पहिरो नियन्त्रण, खानेपानीको मुहान संरक्षण, बृक्षारोपण सुधार तथा बन बुट्टयान संरक्षण कार्यक्रम संचालन गरिने छ । यसको लागि रु. २ करोड विनियोजन गरेको छु ।

१६७. लुम्बिनी बिकास क्षेत्रमा जैविक विविधताको प्रचार प्रसार, वोट विरुवा उत्पादन, इको-टुरिजमको बिकास, शैक्षिक कार्यक्रममा सहयोग समेत पुऱ्याउने उद्देश्यले लुम्बिनी उद्यान आयोजना संचालन गरीने छ । यसैगरी माइपोखरी (इलाम), धनुषाधाम, गोदावरी, टिष्टुङ, दामन, बृन्दावन (हेटौंडा) र ढकेरी (बाँके) मा उद्यान बिकास आयोजना संचालन गरिने छ । यो कार्यक्रमको लागि रु. ९१ लाख विनियोजन गरेको छु ।

१६८. बन क्षेत्र तर्फ कूल बिकास खर्च रु. ६४ करोड ५० लाख प्रस्ताव गरेको छु ।

१६९. प्राथमिक विद्यालय जाने उमेरका सम्पूर्ण वालवालिकाहरुलाई प्राथमिक विद्यालयको प्रवेश सर्वसुलभ गराउन आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमलाई आगामी आर्थिक बर्षमा १२ जिल्लाहरु थप गरी ६० जिल्लाहरुमा सघन रुपमा विस्तार गरिने छ । यस कार्यक्रम लागू भएका जिल्लाहरुका ५० केन्द्रहरुमा विद्यालय जान नसकेका ६ देखि ८ बर्ष उमेर समूहका बालबालिकाहरुलाई अनुकूल स्थानमा पढाउने व्यवस्था र ८ देखि १० बर्ष समूहका बाल बालिकाहरुका लागि कक्षा ५ वरावरको शिक्षा ३ बर्ष भित्र उपलब्ध गराउने विशेष कार्यक्रम समेत संचालन गरिने छ । यसका लागि रु. १ अर्ब ४४ करोड ७७ लाख विनियोजन गरेको छु ।

१७०. आगामी आर्थिक बर्षमा अधिराज्यका २५ जिल्लाको एक-एक सार्वजनिक विद्यालय छनौट गरी भौतिक साधन र प्रशिक्षण उपलब्ध गराई कम्प्यूटर शिक्षा प्रारम्भ गर्दै क्रमशः यसको विस्तार गरिने छ । दुर्गम क्षेत्रमा शिक्षा आर्जन गर्ने कार्यमा सुगमता ल्याउन मुस्ताङ्ग, हुम्ला र रसुवा जिल्लामा एक-एक वटा आवासीय विद्यालय स्थापना गरिने छ । आगामी आर्थिक बर्ष देखि संचालन गरिने सार्वजनिक विद्यालयमा गुणस्तर सुधार कार्यक्रमको लागि रु. २ करोड १५ लाख विनियोजन गरेको छु ।

१७१. महिला शिक्षा तर्फ प्राथमिक विद्यालय छात्रा छात्रबृत्ति कार्यक्रम अन्तर्गत ९९ हजार ५९२ छात्रालाई छात्रवृत्ति वितरण गरिनेछ । त्यसैगरी प्राथमिक विद्यालय छात्रबृत्ति ३८ हजार १९८ जना, स्थानीय विद्यालय छात्रबृत्ति १३ हजार ६०७ जना, अपग्रेडिङ छात्रबृत्ति ३६० जना र क्याम्पस छात्रबृत्ति ५१८ जनाको लागि रु. ५ करोड १९ लाख विनियोजन गरेको छु ।

१७२. शिक्षा तर्फ कूल बिकास खर्च रु. ३ अर्ब ४२ करोड ७ लाख विनियोजन गरेको छु ।

१७३. अत्यावश्यक स्वास्थ्य सेवाको विस्तार गर्न २० वटा स्वास्थ्य चौकी स्थापना गरिने छ । आयुर्वेद स्वास्थ्य सेवाको बिकास गर्न पाँच वटा जिल्ला आयुर्वेद औषधालयहरु स्थापना गरिने छ । अधिराज्यको विभिन्न भागमा फैलिन सक्ने महामारी रोगको रोकथामको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१७४. सर्पको टोकाइबाट औषधोपचारको अभावमा मृत्यु हुने व्यक्तिको निःशुल्क उपचारको लागि केन्द्र, क्षेत्र, अञ्चल र जिल्लास्थित सरकारी अस्पतालहरुबाट उपचार हुने व्यवस्था गरिआएकोमा आगामी बर्ष देखि प्राथमिक स्वास्थ्य केन्द्रबाट पनि यो सुविधा उपलब्ध गराइने छ ।

१७५. वीर अस्पतालमा पिउने पानी प्रशोधन कार्यक्रमको लागि रु. ९६ लाख र मुटुको शल्यचिकित्साको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१७६. स्वास्थ्य क्षेत्रको लागि कूल बिकास खर्च रु. ३ अर्ब २ करोड ८ लाख विनियोजन गरेको छु ।

१७७. काठमाडौं उपत्यकाको खानेपानी समस्याको दीर्घकालीन समाधानको लागि संचालित मेलम्ची खानेपानी आयोजनाको प्रारंभिक कार्यहरुको थालनी गर्नको लागि रु. १ अर्ब १५ करोड ८५ लाख विनियोजन गरेको छु । अधिराज्यका नगरोन्मुख साना शहरहरुमा पर्याप्त मात्रामा खानेपानी तथा सरसफाइ र गुणस्तरीय सेवा पु¥याउन प्रथम चरणको रुपमा आगामी आर्थिक बर्ष देखि अत्तरीया, बन्दीपुर, बीरेन्द्रनगर, फिक्कल, गाईघाट, लेखनाथ नगर पालिका, पर्सा (चितवन) र रत्ननगर गरी जम्मा आठ साना शहरहरुमा साना शहरी खानेपानी कार्यक्रम संचालन गर्न रु. १० करोड ९० लाख विनियोजन गरेको छु ।

१७८. पानी आपूर्तिको लागि अन्य वैकल्पिक उपायहरु नभएका ठाउँहरुमा वर्षातको पानी संकलन कार्यक्रमको उपादेयता र माँग समेतलाई ध्यानमा राखेर आगामी आर्थिक बर्षमा धनकुटा, काभ्रे, स्याङ्गजा, इलाम र गोरखा गरी थप पाँच जिल्लाहरुमा कार्यक्रम संचालन गर्न रु. १ करोड विनियोजन गरेको छु ।

१७९. खानेपानी तर्फ कूल बिकास खर्च रु. ३ अर्ब ८३ करोड ८१ लाख विनियोजन गरेको छु ।

१८०. स्थानीय निकायहरुलाई दिइदै आएको अनुदानलाई निरन्तरता प्रदान गर्न रु. २ अर्ब ८० करोड ६५ लाख छुट्टयाएको छु । यस सम्मानित सदनमा गत आषाढमा यस आर्थिक बर्षको बजेट प्रस्तुत गर्दा निर्वाचन क्षेत्र बिकासका लागि प्रदान गरिँदै आएको रकमलाई क्रमशः बृद्धि गर्दै लैजाने कुरा उल्लेख गरेको थिएँ । तदनुसार माननीय सांसदहरुबाट स्वीकृत बिकास कार्यक्रम संचालनका लागि दिइआएको रकमलाई दोब्बर गरी रु. १० लाख पु¥याएको छु ।

१८१. अधिराज्यका २२ दुर्गम जिल्लाहरुमा दुर्गम क्षेत्र बिकास कार्यक्रम अन्तर्गत रोजगारमूलक एवं तत्काल प्रभाव पर्ने कार्यक्रमहरु संचालन गर्न, वाटो घाटो सुविधा पु¥याउन, घोडेटो बाटो तथा झोलुङ्गेपुल निर्माण गर्न, साना जलविद्युत आयोजना संचालन गर्न र टर्वाइन जडान गर्नका लागि रु. १० करोड २९ लाख विनियोजन गरेको छु ।

१८२. देशका जनजाति, प्रजा एवं अन्य आदिवासी, उपेक्षित, उत्पीडित एवं दलित समुदायहरुको चेतना अभिवृद्धि गरी सामाजिक, आर्थिक स्तर उकास्दै बिकास प्रकृयामा प्रत्यक्ष सहभागिता बढाई उनीहरुको हक हित सम्वर्द्धन गर्ने कार्यक्रमहरुको लागि रु. ३ करोड ११ लाख विनियोजन गरेको छु ।

१८३. जिल्लास्तरमा निर्माण गरिएका हजारौं किलोमिटर ग्रामीण सडकको नियमित मर्मत संभार तथा पुनर्स्थापना नहुनाले ती सडकहरु बर्षै भरी चल्न नसकेको तथ्यलाई हृदयंगम गरी आगामी आर्थिक बर्ष देखि प्रत्येक जिल्लामा ग्रामीण सडकको मर्मत तथा संभार गर्ने प्रयोजनका लागि

श्री ५ को सरकार र स्थानीय निकायहरुको संयुक्त आर्थिक सहभागितामा प्रत्येक जिल्लामा एक "ग्रामीण सडक मर्मत संभार कोष" स्थापना एवं संचालन गर्न रु. ९ करोड ६६ लाखको व्यवस्था गरेको छु ।

१८४. काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन गरी वातावरण स्वच्छ बनाउने कार्यक्रमका लागि रु. १० करोड विनियोजन गरेको छु ।

१८५. स्थानीय बिकास तर्फ कूल बिकास खर्च रु. ५ अर्ब १६ करोड ७० लाख विनियोजन गरेको छु ।

१८६. २०३९ साल देखि संचालित महिला बिकास कार्यक्रमबाट ग्रामीण महिला बर्गले ठूलो लाभ उठाउन सकेको परिप्रेक्ष्यमा हाल ६७ जिल्लामा संचालित यस कार्यक्रमलाई आगामी बर्ष ७५ जिल्लामै विस्तार गरिने छ । यस कार्यक्रमको लागि रु. ११ करोड ५४ लाख विनियोजन गरेको छु ।

१८७. देशको प्रमुख समस्याको रुपमा रहेको युवा तथा शैक्षिक बेरोजगारी कम गर्न यस बर्ष शुरु गरिएको युवा-स्वरोजगार तथा रोजगारमूलक प्रशिक्षण कार्यक्रमलाई पुनर्सरचना गरी निरन्तरता दिन रु. १० करोड विनियोजन गरेको छु ।

१८८. देशका विभिन्न पिछडिएका भागहरुमा शैक्षिक जागरण ल्याउन स्वयंसेवक लगायतका कार्यक्रम संचालन गर्नको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१८९. माननीय सांसदहरुलाई आवास सुविधा उपलब्ध गराउन सैंबु भैंसेपाटीमा आवास निर्माणको प्रारम्भिक कार्य थालनी गर्न रकम विनियोजन गरेको छु ।

१९०. विगतमा भूकम्प पिडितहरुले लिएको रु. १० हजार सम्मको ऋणको बैंकहरुलाई ऋणीहरुले आफ्नै तर्फबाट बुझाएको साँवा र व्याज रकम फिर्ता गर्न समेत रु. १२ करोडको व्यवस्था गरेको छु ।

१९१. राष्ट्रिय जनगणना सम्वन्धी प्रारंभिक कार्य संचालन गर्न रु. २८ करोड ४२ लाख व्यवस्था गरेको छु । साथै, पाँचौ राष्ट्रिय कृषि गणना सञ्चालन गर्नको लागि रु. ९० लाख व्यवस्था गरेको छु ।

१९२. हेटौडा औद्योगिक क्षेत्रमा प्रदुषित पानी उपचार संयन्त्र स्थापना गर्ने कार्यक्रमको लागि रु. ४१ करोड ५ लाख विनियोजन गरेको छु ।

१९३. सूचना प्रविधि पार्क निर्माण र वी.पी. कोइराला प्लानेटरियम तथा अब्जरभेटरीको लागि रु. ४ करोड २५ लाख विनियोजन गरेको छु ।

१९४. सडक यातायातको दृष्टिले पछाडि परेका क्षेत्रहरु खासगरी सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलका जिल्लाहरुमा संचालित निर्माण कार्यलाई थप गति प्रदान गर्न उल्लेख्य रकम विनियोजन गरेको छु । सुदूर पश्चिमाञ्चलको महाकाली राजमार्ग (बैतडी-दार्चुला खण्ड) को लागि रु. १० करोड ९९ लाख, जय पृथ्वी बहादुर सिंह मार्ग (खोड्पे-बझाङ्ग-चैनपुर) को लागि रु. ५ करोड, साँफेवगर-मार्तडी तथा साँफेवगर-मङ्गलसेन सडकहरुमा क्रमश: रु. ७ करोड ७८ लाख र रु. ५ करोड ९ लाख तथा दशरथचन्द मार्ग (बैतडी-झुलाघाट) लाई रु. १ करोड २५ लाख, महेन्द्रनगर-दैंजी-जोगबुढा-बुँडहर सडकका लागि रु. १ करोड, सहजपुर-दिपायल सडकका लागि रु. १ करोड २५ लाख बजेट व्यवस्था गरेको छु ।

१९५. मध्य पश्चिमाञ्चल बिकास क्षेत्रका जिल्लाहरुमा सडक निर्माण कार्यलाई तीव्रता प्रदान गर्न कर्णाली राजमार्ग (सुर्खेत- जुम्ला खण्ड) का लागि रु. ३५ करोड ३१ लाख, कर्णाली-मान्मा

सडकलाई रु. १ करोड विनियोजन गरेको छु । यस्तै, छिन्चु-जाजरकोट सडकलाई रु. १६ करोड ४ लाख र राप्ती राजमार्ग (सल्यान-मुसिकोट खण्ड र मुसिकोट-बुर्तिवाङ्ग खण्ड) लाई रु. ४ करोड विनियोजन गरेको छु । चकचके-लिवाङ्ग सडक र पुलका लागि रु. २ करोड २५ लाख, होलेरी-चुनावाङ्ग सडकका लागि रु. १ करोड, तुलसीपुर-पुरन्धारा-सुर्खेत सडकका लागि रु. १ करोड, बडिचौर-गुटु सडकका लागि रु. १ करोड, सुर्खेत-रानीमत्ता-दैलेख सडकका लागि रु. १ करोड, अमेलिया-तुलसीपुर-सल्यान सडकका लागि रु. १ करोड प्रस्ताव गरेको छु ।

१९६. पश्चिमाञ्चल बिकास क्षेत्रका बेशीशहर-चामे सडकका लागि रु. ३ करोड, रुद्रबेनी-बुर्तिवाङ्ग-ढोरपाटन सडकका लागि रु. १ करोड ५० लाख, वागलुङ्ग-वेनी-जोमसोम सडक निर्माणको लागि रु. ४ करोड र गोरु सिंगे-सन्धिखर्क सडकको लागि रु. १० करोड ६७ लाख विनियोजन गरेको छु ।

१९७. मध्यमाञ्चलको बी.पी. कोइरालामार्ग (वनेपा-सिन्धुली खण्ड) निर्माणको लागि रु. ४० करोड, त्रिशुली-स्याफ्रुबेसी-रसुवागढी सडक निर्माणका लागि रु. १ करोड २० लाख, बर्दिवास-जलेश्वर-जनकपुर-धनुषाधाम सडक निर्माण कार्यलाई निरन्तरता दिन रु. ११ करोड २० लाख, पुष्पलाल मार्ग (नयाँ पुल-खिम्ती-मन्थली-रामेछाप) का लागि रु. १ करोड ४० लाख, गल्छी-देवीघाट सडकका लागि रु. १ करोड ५० लाख, नमोबुद्ध-पनौती-लामाटार-लुभु सडकका लागि रु. १ करोड ७५ लाख विनियोजन गरेको छु ।

१९८. पूर्वाञ्चल बिकास क्षेत्र अन्तर्गत पर्ने कटारी-ओखलढुङ्गा सडकको लागि रु. ६ करोड, सगरमाथा राजमार्ग (गाईघाट-वेलटार-दिक्तेल) को निमित्त रु. ४ करोड र बसन्तपुर-चैनपुर-खाँदवारी सडकको लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छु । त्यसै गरी काठमाडौंलाई तराईसंग जोड्ने वैकल्पिक राजमार्गको रुपमा रहेको कान्ती राजपथका लागि यस बर्ष पनि रु. १ करोड प्रस्ताब गरेको छु ।

१९९. सडक सुदृढिकरण, स्तरोन्नती र पुनर्स्थापन कार्यक्रम अन्तर्गत त्रिभुवन राजपथको मर्मत सुधारको कार्यलाई रु. १ करोड तथा कालुपाण्डे मार्ग (मलेखु-धादिङ्ग) को स्तरोन्नती गर्न रु. १९ करोड बजेट विनियोजन गरेको छु । त्यस्तै हार्थोक-रिडी-तम्घास सडकको पुनःर्स्थापना, सुधार र खण्डास्मित गर्नका लागि रु. ८ करोड २१ लाख तथा लुम्बिनी-तौलिहवा-तिलौराकोट सडक पुनःर्स्थापना गर्न रु. १ करोड ४६ लाख विनियोजन गरेको छु । त्यसै गरी पूर्वाञ्चल बिकास क्षेत्रको विकट पहाडी जिल्लाहरुलाई सडक यातायातले जोड्ने मेची राजमार्ग (फिदिम-ताप्लेजुङ खण्ड) लाई रु. ३ करोड ५० लाख, नारदमुनी थुलुङ मार्ग (हिले-लेगुवाघाट-भोजपुर) का लागि रु. १ करोड ७५ लाख, बसन्तपुर-तेह्रथुम-आठराई सडकका लागि रु. ३ करोड विनियोजन गरेको छु । अरनिको राजमार्गको मर्मत सुधार कार्यको लागि रु. १३ करोड ६० लाख तथा सोही सडकको (बाह्र विसे-कोदारी) को कालोपत्रे गर्न रु. ३ करोड ५० लाख छुट्याएको छु ।

२००. यसै गरी सडक यातायातसंग सम्बन्धित विभिन्न हुलाकी सडकका लागि रु. ४ करोड, शहरी सडकका लागि रु. १० करोड ९२ लाख, पुलहरु निर्माणका लागि रु. ६९ करोड ७४ लाख बजेट विनियोजन गरेको छु ।

२०१. शाही नेपाली सेनाले गरिआएको हिले–लेगुवाघाट–भोजपुर सडक, सल्यान–मुसिकोट सडक निर्माण कार्यको अतिरिक्त मुसिकोट–बुर्तिवाङ्ग खण्डको सडक निर्माण कार्यको जिम्मेवारी समेत शाही नेपाली सेनालाई दिइने छ ।

२०२. त्रिभुवन विमानस्थल र ६ वटा आन्तरिक विमानस्थलहरुको सुदृढीकरण तथा विमानस्थलहरुमा प्रयोग गरिने उपकरणहरु जडान गर्न समेत हवाई यातायात तर्फ कूल रु. १ अर्ब ११ करोड २२ लाख विनियोजन गरेको छु ।

२०३. यातायात तर्फ कूल बिकास खर्च रु. ६ अर्ब ६३ करोड ४६ लाख प्रस्ताव गरेको छु । यसमध्ये सडक यातायात तर्फ रु. ५ अर्ब ५२ करोड ४ लाख छुट्याएको छु ।

२०४. हिमाली क्षेत्रको पर्यटन बिकासको लागि टेवा पुऱ्याउन हिमशिखरहरुको विस्तृत विवरण तयार गर्न तथा आधार शिविर र सो भन्दा माथि जम्मा भएका फोहर मैला व्यवस्थापन गर्ने कार्यक्रमको लागि रु. ७५ लाख विनियोजन गरेको छु ।

२०५. दोश्रो पर्यटन पूर्वाधार बिकास आयोजनाको कार्यान्वयनबाट पोखरामा पर्यटकीय पूर्वाधार सुधार एवं महेन्द्र प्रकृति संरक्षण कोष मार्फत पर्यटन व्यवसाय प्रवर्द्धन, लघु जलविद्युत निर्माण र पर्यटकीय स्थलहरुको पर्यावरणीय स्वच्छता कायम गर्न समेत पर्यटन क्षेत्रतर्फ बिकास खर्च रु. ५७ करोड ११ लाख विनियोजन गरेको छु ।

२०६. बैदेशिक व्यापार प्रक्रियालाई सरल, सुगम र मितव्ययी बनाउने उद्देश्यले विगत बर्ष देखि बीरगंजमा निर्माण भइरहेको सुख्खा बन्दरगाहको अपूरो निर्माण सम्पन्न गर्न रु. २४ करोड ९८ लाख विनियोजन गरेको छु । बिराटनगर, बीरगंज र भैरहवाको सुख्खा बन्दरगाह नजिकै एक-एक निर्यात प्रशोधन क्षेत्र स्थापना गर्ने कार्यको लागि रु. ६ करोड विनियोजन गरेको छु ।

२०७. नेपाल भारत सीमाका पाँच वटा प्रमुख भन्सार नाकाहरुमा संयुक्त प्रयासमा व्यक्ति, सवारी साधन र ढुवानीका साधनहरुको आवागमन र घुइंचोलाई सीमाको दुबैतिर सजिलो, फराकिलो र व्यवस्थित गर्न सीमा क्षेत्र व्यवस्थापनको कार्यक्रम थालनी गरिने छ ।

२०८. १४ मेगावाटको मोदीखोला आयोजना यस आर्थिक बर्षको अन्त्य सम्ममा सम्पन्न हुने छ । काली गण्डकी "ए" आयोजनालाई निर्धारित समयमा नै सम्पन्न गराउन चालू आर्थिक बर्षमा विनियोजन भएको रु. ४ अर्ब ९२ करोडमा बृद्धि गरी आगामी आर्थिक बर्षमा रु. ५ अर्ब ४० करोड ५९ लाख विनियोजन गरेको छु । यसै गरी ७० मेगावाटको मध्य मर्स्याङ्दी आयोजना आगामी बर्षमा निर्माण कार्य शुरु हुने छ । यसका लागि रु. १ अर्ब ६३ करोड ५४ लाख विनियोजन गरेको छु । ठूला आयोजनाको बिकास गरी बढ्दो विद्युत मागलाई पूर्ति गर्न ३०० मेगावाट क्षमताको माथिल्लो कर्णाली आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न रु. १६ करोड ५ लाख विनियोजन गरेको छु ।

२०९. संभाव्यता अध्ययनमा आकर्षक आयोजनाको रुपमा देखिएको ३० मेगावाट क्षमताको चमेलियागाड जलविद्युत आयोजनाको विस्तृत अध्ययन तथा निर्माण कार्य शुरु गर्न रु. १९ करोड २४ लाख विनियोजन गरेको छु । यसैगरी ४८ मेगावाट क्षमताको कुलेखानी तेश्रो आयोजनाको अध्ययन कार्य गर्न रु. ७ करोड ३५ लाख विनियोजन गरेको छु ।

२१०. आगामी आर्थिक बर्षमा अर्घाखांची स्थित २४५ मेगावाटको नौमुरे जलविद्युत आयोजना लगायत जलाशययुक्त जलविद्युत आयोजनाहरुको अध्ययन गरिने छ । यसको लागि रु. १ करोड ७५ लाख विनियोजन गरेको छु ।

२११. विद्युत सेवा नपुगेका जिल्लाहरुमा ग्रामीण विद्युतीकरणको लागि रु. ६६ करोड २५ लाख विनियोजन गरेको छु । हाल ५७ जिल्लामा केन्द्रीय विद्युत प्रणालीबाट विद्युत आपूर्ति भइरहेकोमा आगामी आर्थिक बर्षमा पाँचथर, ताप्लेजुङ्ग, संखुवासभा, रुकुम, जाजरकोट र ओखलढुङ्गा समेत गरी थप ६ जिल्लाहरुमा केन्द्रीय विद्युत प्रणालीबाट विद्युत आपूर्ति गर्न ग्रीड कनेक्सन लाइनको निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु । हेल्दुङ (हुम्ला) र गमगाड (मुगु) साना जलविद्युत आयोजनाहरुको निर्माण कार्य शुरु गर्न रु. ८ करोड ५९ लाख विनियोजन गरेको छु ।

२१२. सप्तकोशी बहुउद्देश्यीय आयोजना र सुनकोशी-कमला डाइभर्सन आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य शुरु गर्न रु. १० करोड १ लाख विनियोजन गरेको छु ।

२१३. आगामी आर्थिक बर्षमा ढल्केबार–भित्तामोड १३२ के.भी., परवानीपुर–बीरगंज १३२ के.भी., इलाम–फिदिम–ताप्लेजुङ्ग ३३ के.भी., सितलपाटी–मुसिकोट–जाजरकोट ३३ के.भी., तातोपानी-लार्जुङ्ग-मुक्तिनाथ (३३ के.भी.), वुइपा-ओखलढुङ्गा (३३ के.भी.), छिन्चु-राकम-जाजरकोट (३३ के.भी.), बुडर सवस्टेशन प्रसारण लाईन (अतरिया-डडेलधुरा प्रशारण लाईन) तथा ग्रामीण विद्युत वितरण प्रसारण आयोजनाहरुको निर्माण कार्य शुरु गरिने छ । यस मध्ये तातोपानी-लार्जुङ-मुक्तिनाथ ३३ के.भी. प्रसारण लाइनको कार्य आगामी आर्थिक बर्ष भित्रै सम्पन्न गरिने छ । यी कार्यक्रमहरुको लागि रु. ११ करोड ५४ लाख विनियोजन गरेको छु । यसैगरी कैलाली-कञ्चनपुर ग्रामीण विद्युतीकरणका लागि रु. २२ करोड ७९ लाख विनियोजन गरेको छु । ग्रामिण विद्युतीकरणको कार्यक्रमलाई जनसहभागिता परिचालन सित आवद्ध गरी क्रमशः विस्तार गर्दै लगिने छ ।

२१४. ग्रामीण क्षेत्रको उर्जा आपूर्तिमा गोबरग्यास, लघु जलविद्युत, सौर्य उर्जा, वायु उर्जा जस्ता बैकल्पिक उर्जाको भूमिकालाई दृष्टिगत गरी ती स्रोत तथा तत्सम्वन्धी प्रविधिको बिकास तथा विस्तारमा जोड दिइने छ । बैकल्पिक उर्जासंग सम्वन्धित वायु उर्जाको तथ्यांक संकलन तथा नक्साङ्कनको कार्य शुरु गरिने छ । बैकल्पिक उर्जाको क्षेत्रमा कूल ४४ करोड २४ लाख विनियोजन गरेको छु ।

२१५. विद्युत क्षेत्रको लागि कूल रु. १० अर्ब ५७ करोड २२ लाख विनियोजन गरेको छु ।

२१६. रेडियो प्रसार प्रणालीलाई सुदूर पश्चिमाञ्चल लगायत अधिराज्यका अन्य भागहरुमा समेत स्पष्ट सुन्ने व्यवस्था गर्न रु. ३ करोड विनियोजन गरेको छु । नेपाल टेलिभिजनको क्षमता अभिवृद्धि गर्न रु. ५ करोडको व्यवस्था गरेको छु ।

२१७. बाणिज्य बैंकहरु, कृषि बिकास बैंक एवं नेपाल औद्योगिक बिकास निगमको पूँजी संरचनामा सुधार गर्न तथा बित्तीय क्षेत्रको संस्थागत र संरचनात्मक सुधारका लागि रु. ६० करोड विनियोजन गरेको छु ।

२१८. मैले माथि उल्लेख गरेका साधारण तथा बिकास खर्चका लागि विनियोजन गरेको जम्मा रु. ९१ अर्ब ६२ करोड १३ लाख ३५ हजार मध्ये राजस्वको वर्तमान स्रोतवाट रु.४७ अर्ब ९२ करोड ९९ लाख ४६ हजार, बैदेशिक सहायता अन्तर्गत अनुदानवाट रु. ११ अर्ब ८४ करोड १६ लाख २७ हजार र ऋणवाट रु. १९ अर्ब ७९ करोड २६ लाख ६२ हजार व्यहोरिने भई रु. १२ अर्ब ५ करोड ७१ लाख न्यून हुन जाने छ ।

## राजस्व अनुमान प्रस्ताव

सभामुख महोदय,

२१९. अब म राजस्व सम्वन्धी प्रस्ताव पेश गर्दछु ।

२२०. आगामी बर्षको राजस्व प्रस्ताव गर्दा निम्न उद्देश्यहरु लिएको छु :

(क) मूल्य अभिवृद्धि करलाई आन्तरिक राजस्व परिचालनको लागि मूल आधार बनाई भन्सार तथा आयकर प्रशासनलाई सो को परिपूरक बनाउने,
(ख) सबै आय आर्जन हुने आर्थिक कृयाकलापहरुमा कराधार विस्तार गरी आयकरको दायरा फराकिलो बनाउने,
(ग) बील बिजक र बास्तविक कारोबारको आधारमा भन्सार प्रशासनलाई व्यवस्थित गर्न संगठित क्षेत्र र बैंकिंग माध्यमद्वारा गरिने निकासी पैठारी कारोबारलाई प्रोत्साहित गर्ने ।
(घ) राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी उपायहरु अबलम्बन गर्ने ।

२२१. आर्थिक बर्ष २०५७/५८ को कर प्रस्ताव माननीय सांसदहरु, आर्थिक जगतका बरिष्ठ विद्धानहरु, उद्योग र वाणिज्य क्षेत्रसंग सम्वद्ध संस्था एवं व्यक्तिहरु र राजश्व परामर्श समितिले दिएका सुझावहरुका आधारमा तयार गरिएका छन् ।

२२२. मूल्य अभिवृद्धि करलाई राजस्व परिचालनको मूल संयन्त्रको रुपमा विकसित गर्न थ्रेशहोल्ड भन्दा माथिका सवै उद्योगपति, व्यापारी एवं व्यवसायीहरुलाई मूल्य अभिवृद्धि करको दायरा भित्र ल्याइने छ । यसको लागि कर तथा भन्सार व्यबस्थामा आवश्यक सुधार गरी मूल्य अभिवृद्धि करलाई अझ व्यबस्थित र विश्वासिलो वनाइने छ ।

२२३. राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले कर सम्वन्धी ऐन नियमहरुमा समसामयिक सुधार गर्ने, करका दरहरुलाई वैज्ञानिक वनाउने, अन्य प्रशासनिक तथा प्रक्रियागत अवरोधहरुलाई हटाउने र कर प्रणालीलाई सरल, सक्षम एवं करदाताको लागि झंझट रहित वनाउने जस्ता कर सुधारका विषयहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

२२४. राजस्व चुहावट नियन्त्रण र राजस्व परिचालनको नियमित अनुगमन तथा मूल्यांकन गर्न एवं करदाताको गुनासो सुन्न अर्थ मन्त्रालयमा रहेको केन्द्रिय अनुगमन इकाईलाई अझ सुदृढ र सकृय बनाइने छ । मूल्य अभिवृद्धि करको खुद्रा स्तरसम्म प्रभावकारी कार्यान्वयन गर्न, भन्सारमा कारोवार मूल्यलाई मूल्यांकन प्रयोजनका लागि मान्यता दिन, आयकरमा हिसाबकिताबलाई मान्यता प्रदान गर्न, अबैध व्यापार नियन्त्रण गरी व्यवस्थित गर्ने कार्यहरुको प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमनका लागि केन्द्रीय अनुगमन इकाईद्वारा अर्थ मन्त्रालयमा सबै विभागीय प्रमुखहरु र आवश्यकता अनुसार विज्ञहरुको समेत सहभागिता गराई कार्यक्रम संचालन गरिने छ ।

२२५. तस्करी तथा राजस्वको चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि हाल रहेको राजस्व गस्तीको संगठनात्मक ढाँचामा समयानुकूल सुधार गरी यसलाई अधिकार सम्पन्न बनाइने छ । आर्थिक बर्ष २०५७/५८ भित्र नै यस सम्वन्धी नियमावली बनाई यो संगठनलाई व्यवस्थित तुल्याइने छ । यसका साथै राजस्व अनुसन्धान विभागको संगठनात्मक र प्रकृयागत व्यवस्थामा सुधार गरी राजस्व चुहावट संग सम्वन्धीत सूचनाहरुको कम्प्यूटर प्रयोगद्वारा अनुसन्धान गरी राजस्व चुहावटको प्रभावकारी नियन्त्रण गरिने छ ।

२२६. अव म अप्रत्यक्ष कर सम्वन्धी प्रस्तावहरु प्रस्तुत गर्दछु ।

२२७. मूल्य अभिवृद्धि करलाई राजश्वको प्रमुख स्रोतको रुपमा विकसित गर्ने उद्देश्यले खुद्रास्तरसम्म विजक जारी हुने गरी आयकर र भन्सार समेतमा व्यापक सुधारको प्रस्ताव गरेको छु ।

२२८. सर्वसाधारणले उपभोग गर्ने सूती लगायत अन्य रेशाका कृत्रिम साडीहरु तथा परम्परा देखि निम्न आयवर्गका व्यक्तिहरुले प्रयोग गर्दै आएका आल्मुनियम, तामा, पित्तलका भाडाकुडाहरु सस्तो होस भन्ने उद्देश्यले चालु बर्ष मूल्य अभिवृद्धि कर छुट दिने प्रस्ताव गरेको छु । त्यस्तै प्रांगारिक मलको प्रयोगलाई बढावा दिने अर्गेनिक चियामा पनि मूल्य अभिवृद्धि कर छुट दिने प्रस्ताव गरेको छु ।

२२९. मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने करदाता २०५७ आषाढ मसान्तसम्म स्वयम दर्ता हुन आएमा निजलाई दर्ता नभए वापत लाग्ने जरिवाना मिन्हा गर्ने प्रस्ताव गरेको छु ।

२३०. मूल्य अभिवृद्धि करको विजक मार्फत हुने गरेको अनधिकृत व्यापारलाई कम गर्न आगामी आर्थिक बर्ष देखि एक पटकमा रु. १० हजार भन्दा बढी मूल्यको सामान दर्तावालबाट वेदर्तावालको नाउमा ओसार पसार गर्दा वा एक ठाउबाट अर्को ठाउँमा स्टक ट्रान्सफर गर्दा कर अधिकृतको निस्सा भएको विजक मार्फत मात्र गर्ने नया व्यवस्था गरेको छु ।

२३१. श्री ५ को सरकारले खरीद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका ब्यक्तिसंग खरीद गर्ने वर्तमान सीमा रु. २५ हजारबाट बढाई रु. ३५ हजार र ठेक्का तर्फ रु. २० लाख कायम गरी दुर्गम पहाडी जिल्लामा खरीद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता गर्नु नपर्ने साविकको व्यवस्था खारेज गरेको छु ।

२३२. आगामी आर्थिक बर्ष देखि कर निर्धारण गर्दा कर अधिकृतले करदातालाई दिने म्याद ७ दिनबाट बढाई १५ दिन गरेको छु । साथै जरिवानाको वर्तमान व्यवस्थामा हेरफेर गरेको छु ।

२३३. मूल्य अभिवृद्धि करको दायरालाई अझै विस्तार गरी मैदा, निजी क्षेत्रका स्वास्थ्य प्रतिष्ठानहरुबाट प्रदान गर्ने सेवाहरु, कानून व्यवसायी, डाक्टर, इन्जीनियर, लेखा व्यवसायी आदिले प्रदान गर्ने सेवामा समेत कर लाग्ने प्रस्ताव गरेको छु ।

२३४. चुरोट, वीयर तथा मदिराका बिक्रेताहरुले मूल्य अभिवृद्धि करमा दर्ता नभएका जो सुकैलाई जति सुकै परिमाणमा बिक्री गर्दा खुद्रा मूल्यमै विक्री गर्नु पर्ने नया व्यवस्था मिलाएको छु ।

२३५. स्वास्थ्यको दृष्टिकोणबाट हानीकारक मदिरा, चुरोट, वियर, खैनी, पानपराग, पानमसला जस्ता उत्पादनहरुको अन्तःशुल्क दर वृद्धि गरेको छु । खैनी, पानपराग, पानमसला जस्ता बस्तुको नेपाल भित्र गरिने पैठारीलाई नियमित गर्न जो सुकैले पनि पैठारी गर्न नपाउने गरी उद्योगको आधिकारिक प्रतिनिधि मार्फत मात्र पैठारी हुने नयाँ व्यवस्था मिलाएको छु ।

२३६. करको दायरामा नपरेका वातावरणीय दृष्टिकोणबाट समेत प्रतिकुल प्रभाव पार्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका चिम्नी भट्टाहरुको इटामा समदरबाट अन्तःशुल्क लगाउने प्रस्ताव गरेको छु । साविकको इटाको अन्तःशुल्क वक्यौता आश्विन मसान्तसम्म बुझाएमा लागेको विलम्व दस्तुर मिन्हा दिने प्रस्ताव गरेको छु ।

२३७. पोलिथिनको झोलाहरुलाई माईक्रोनका आधारमा अन्तःशुल्क लगाउने प्रस्ताव गरेको छु ।

२३८. अन्तःशुल्कको विलम्व दस्तुर वापत तिर्नु पर्ने व्याज दर वर्तमान वैंकिङ्ग व्याजदरलाई समेत मध्यनजर राखी ५० प्रतिशत कम गरेको छु ।

२३९. वातावरणीय दृष्टिकोणबाट हानीकारक पाउच मदिराको उत्पादनमा तत्कालै देखि प्रतिवन्ध लगाई बोतल वन्दीको उत्पादनका लागि नयाँ व्यवस्था मिलाएको छु ।

२४०. भाडाका सवारी साधनहरुमा समेत सवारी साधन कर लाग्ने गरी सवारी साधन करको दरमा केही थप गरेको छु । भाडाका सवारी साधन धनीहरुले साविकमा तिरी आएका आयकरको दरमा कटौती गरी सवारी साधन करसंग समायोजन गरेको छु ।

२४१. मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा सवारी साधन करका दरहरुमा गरिएको परिवर्तन, दायरा विस्तार र प्रशासनिक सुदृढीकरणबाट थप रु. २ अर्ब ३० करोड २५ लाख राजश्व परिचालन हुने अनुमान गरेको छु ।

सभामुख महोदय,

२४२. आगामी वर्षको लागि भन्सार दरवन्दी तर्जूमा गर्दा कृषिजन्य, श्रमजन्य र खनिजजन्य उद्योगहरुको निम्ति केहि संरक्षण, अन्तरराष्ट्रिय प्रतिष्पर्धा र आपूर्ति व्यवस्थालाई समेत ध्यानमा राखेको छु ।

२४३. विदेशी मुलूकको कृषि पैदावारको तुलनामा नेपालको कृषि पैदावारले उपयुक्त संरक्षण नपाएको कारणबाट प्रतिस्पर्धी हुन सकेको छैन । तसर्थ कृषि पैदावारलाई उपयुक्त संरक्षण प्रदान गर्ने हेतुले कृषि क्षेत्र संग सम्वन्धित केही बस्तुहरुको पैठारीमा ५ प्रतिशत कृषि सुधार शुल्क लगाउने प्रस्ताव गरेको छु ।

२४४. भन्सार मूल्यांकन प्रणालीमा स्वविवेकीय अधिकार हटाई पैठारीकर्ताको कारोवार मूल्यलाई मान्यता दिने व्यवस्थालाई अझ प्रभावकारी वनाई विश्व व्यापार संगठनले अपनाएको र अन्तर्राष्ट्रिय प्रचलनमा आधारित बैज्ञानिक मूल्यांकन पद्धतिलाई मूल्यांकन गर्ने आधार बनाएको छु ।

२४५. नेपालमा पैठारी हुने व्यापारलाई प्रचलित बैंकिंग प्रणाली अन्तर्गत सुव्यवस्थित गर्न केही प्रक्रियागत सुधारका कार्यहरु आगामी आर्थिक बर्षको प्रारम्भ देखिनै निम्नानुसार लागु गर्ने व्यवस्था मिलाएको छु ।

(क) जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतबाट परम्परागत रुपमा बस्तु विनिमय प्रणाली अन्तर्गत पैठारी हुने गरी तोकिएको बस्तुहरु बाहेकका अन्य बस्तुहरु बैंकिंग माध्यमबाट मात्र भुक्तानी गरी पैठारी गर्न पाईने छ ।

(ख) भारतबाट पैठारी हुने केही तोकिएका बस्तु बाहेकका अन्य बस्तुहरु रु. १६ हजार भन्दा बढी मूल्यको एकमुष्ठ पैठारी गर्दा बैकिंग माध्यमबाट मात्र पैठारी गर्न पाइने छ ।

२४६. उपरोक्त दुवै स्थानबाट माथिको प्रक्रिया अन्तर्गत पैठारी हुने बस्तुहरुमा लाग्ने भन्सार महशुलमा ५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

२४७. सवारी तथा ढुवानीका साधनवाट हुने वायु प्रदूषण कम गर्न यस्ता बस्तुहरुको पैठारीमा नेपाल सवारी प्रदूषण मापदण्ड २०५६ को स्तरभित्र नपरेका सवारी तथा ढुवानी साधन पैठारी गर्न नपाउने व्यवस्था मिलाएको छु ।

२४८. निकासी मूलक उद्योगको उत्पादनको लागत खर्च घटाई प्रतिस्पर्धात्मक वनाउने उद्देश्यले निकासी मूलक उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थमा न्यूनतम भन्सार महसूल लाग्ने गरी दरवन्दी मिलाएको छु र बैंक ग्यारेण्टी अन्तर्गत कच्चा पदार्थ पैठारी गर्ने व्यवस्थालाई केही बस्तुहरुमा सिमीत गरी निकाशी भए पछि उक्त उद्योगले तिरेको महशुल एकद्धार समितिबाट फिर्ता दिने व्यवस्थालाई सरल एवं सुदृढ बनाई आवश्यक रकम विनियोजन समेत गरेको छु ।

२४९. उद्योगहरुको प्रवर्द्धनको लागि पर्यटन उद्योग, कपडा उद्योग र डेरी उद्योगहरुलाई विगत आर्थिक बर्षमा दिइएको सुविधाहरुलाई यस बर्ष पनि निरन्तरता प्रदान गरेको छु ।

२५०. गुण्टा झिटी भारी आदेश अन्तर्गत हाल भइरहेको सुन चांदी पैठारी व्यवस्थामा आगामी श्रावण १ गतेदेखि लागू हुने गरी परिवर्तन गरेको छु । नयाँ व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंक मार्फत सुनचाँदीको आपूर्ति व्यवस्था मिलाई व्यक्तिगत रुपमा पैठारी गर्ने व्यवस्थामा नियन्त्रण गरी सुधार गर्ने व्यवस्था मिलाएको छु । यसका साथै श्रावण १ गते देखि लागू हुने गरी भारतीय पाँच शय दरका नोट थन्क्याउन र ओसार पसार गर्न प्रतिवन्ध लगाउने व्यवस्था गरेको छु ।

२५१. सर्वसाधारण नागरिकले प्रयोग गर्ने केही लत्ता कपडाहरुको पैठारीमा लाग्ने महसूल घटाएको छु ।

२५२. भन्सार महशुल, निकासी सेवा शुल्क, कृषि सुधार शुल्क, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, धूमपान तथा मदिरा दस्तुर, मदिरा नियन्त्रण सेवा दस्तुर तथा रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घर जग्गा रोक्का दस्तुरका दरहरुमा गरिएको परिवर्तन आजैका मिति देखि लागू हुने छन् ।

२५३. भन्सारका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुदृढीकरणबाट रु. ९८ करोड थप राजश्व प्राप्त हुने अनुमान छ ।

सभामुख महोदय,

२५४. अव म प्रत्यक्ष करसम्वन्धी प्रस्ताव पेश गर्दछु ।

२५५. यस आर्थिक बर्षको बजेट सम्मानीत सदन समक्ष प्रस्तुत गर्दा कर प्रशासनको कार्यक्षमतामा गुणात्मक अभिबृद्धि ल्याउन बर्तमान संगठनात्मक ढांचाको पुनरावलोकन गरी सुधार कार्य प्रारम्भ गरिने प्रतिवद्धता व्यक्त गरेको थिएँ । यसै क्रममा मूल्य अभिबृद्धिकर तथा आयकर प्रशासनलाई बढी प्रभावकारी र कर तिर्ने व्यवस्थालाई सरल गराउन कर विभाग र मूल्य अभिबृद्धिकर विभागलाई एकिकरण गरी आगामी आर्थिक बर्ष भित्रै आन्तरिक राजश्व विभाग गठन गरिने छ ।

२५६. आय आर्जन हुने सवै क्षेत्रलाई आयकरको दायरामा ल्याउन र मौजुदा आयकर ऐनलाई समय सापेक्ष बनाउन तर्जुमा गरिएको आयकर विधेयक संसदको चालु अधिवेशनमै पेश गरिने छ ।

२५७. करदाताहरुले कर विभाग र मूल्य अभिबृद्धिकर विभागहरुमा छुट्टाछुट्टै दर्ता गराउनु पर्ने व्यवस्था हटाई आगामी आर्थिक बर्षको श्रावण महिना देखि नै पहिलो चरणमा काठमाडौं उपत्यकामा र त्यसपछि क्रमशः अधिराज्यभर एकिकृत रुपमा स्थायी लेखा नम्वर (Permanent Accounts Number) उपलब्ध गराउने व्यवस्था मिलाईने छ । स्थायी लेखा नम्वर प्राप्त गरेको करदाताले आयकर दर्ता प्रमाण पत्र नविकरण गराउनु पर्नेछैन ।

२५८. अन्तर विभागीय सूचना प्रवाहलाई प्रभावकारी बनाई आयकर, भंसार र मूल्य अभिबृद्धि कर लगायत अन्य व्यापारिक कारोवारसंग सम्वन्धी तथ्यांकहरुको आधारमा कर संकलन गर्ने कार्यको लागि स्वचालित तथ्यांक प्रणालीको व्यवस्था गरिनेछ । यस प्रकारको सूचना संग्रह तथा तथ्यांक प्रणालीबाट करदाताहरुलाई समेत अन्तरकार्यालय समन्वयको अभावमा व्यहोर्नु पर्ने प्रशासनिक झंझटबाट मुक्ति मिल्नेछ ।

२५९. स्रोतमा अग्रीमकर कट्टी गर्नु पर्ने हालको व्यवस्थालाई सरलीकरण गरी साधारणतया आयको भुक्तानीमा मात्र अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

२६०. आय लुकाउने वा कर छल्ने र छल्न सहयोग पुऱ्याउने जस्ता कार्यहरु नियन्त्रण गरी राजस्वको चुहावट रोक्न मूल्य अभिबृद्धि कर र कर विभागले संयुक्त रुपमा स्थलगत अनुसन्धान र लेखा परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । साथै करदाताको परिसरमा गई हिसाव परिक्षण (Field Audit) गर्ने तथा विशेषज्ञहरुको टोलीबाट कर विवरण छानविन गर्ने व्यवस्थालाई विस्तार गरिनेछ ।

२६१. विगत केही बर्षदेखि आयकरमा असुल गर्दै आइएको अतिरिक्त कर (Surcharge) को व्यवस्थालाई खारेज गरिएको छ । कृषि, सहकारी, निर्यात र बैदेशिक लगानी वापत प्राप्त व्याजलाई आयकरको दायरा भित्र ल्याउंदा सामाजिक समानता कायम हुनुका अतिरिक्त खुल्ला अर्थतन्त्र अरु प्रतिस्पर्धी बन्न जाने विश्वास सहित लाभांशबाट प्राप्त आयमा ५ प्रतिशत र निकासी कारोबारबाट प्राप्त हुने आयमा प्रचलित आयकरको दरको ४० प्रतिशत वा कारोवार रकमको ०.५ प्रतिशत मात्र आयकर लगाउने प्रस्ताव गरेको छु । त्यसैगरी फर्म, साझेदारी, कम्पनी तथा संस्थाको रुपमा दर्ता गरी व्यवसायिक रुपमा संचालित र भूमि सम्वन्धी ऐन बमोजिम हदवन्दी भन्दा बढी राख्न पाउने जग्गामा कृषि व्यवसाय गरी आर्जित आय र मूलतः गैर-कृषि क्षेत्रबाट व्यवसायिक प्रकृतिको कारोवारमा संलग्न सहकारी संस्थाहरुको आयमा आयकर लगाइने व्यवस्था गरेको छु ।

२६२. रु २० लाख भन्दा कमको कारोवार गर्ने करदाताको कठीनाई कम गर्न तथा साना करदाताहरुलाई हिसाव किताव राख्न अभिप्रेरित गर्नलाई सरलीकृत हिसाव किताव पेश गर्न सक्ने व्यवस्था लागू गरिनेछ । मूल्य अभिबृद्धिकरमा दर्ता गर्न तथा विल विजक दिने लिने कार्यलाई प्रोत्साहित गर्न मूल्य अभिबृद्धि करमा दर्ता भएर पनि हिसाव किताव राख्न असमर्थ तर आर्थिक बर्ष २०५६।५७ मा रु. १ करोड सम्म कारोवार गर्ने करदाताहरुले आर्थिक बर्ष २०५५।५६ को कारोवारमा तिरेको आयकरमा १५ प्रतिशत थप सहितको कर तिरेमा यसरी तिरेको रकमलाई नै अन्तिमकर मानिनेछ । साथै, रु. १० लाख सम्मको कारोवार वा रु. १ लाख सम्म आय हुने साना करदाताहरुले तोकिए बमोजिमको पूर्वानुमानित कर तिर्न पाउनेछन् ।

२६३. मूल्य अभिबृद्धि करमा देखाएको कारोवारलाई आयकर प्रयोजनको लागि पूर्ण मान्यता दिइने छ र हिसाव किताव राख्न अनिवार्य नभएका यस्ता करदाताको लागि आफुले मूल्य अभिबृद्धि करमा देखाएको कूल आयको निश्चित प्रतिशतले खुद आय निर्धारण हुने पारदर्शी व्यवस्था प्रस्ताव गरेको छु ।

२६४. सवै नगरपालिका क्षेत्रमा तोकिएका ६ अवस्था मध्ये २ अवस्था पूरा गर्ने व्यक्तिले आय विवरण पेश गर्नु पर्ने व्यवस्था गरेको छु तर साविकमा न्यूनतम रु. ५ हजार कर लाग्ने गरेकोमा सो व्यवस्था हटाएको छु ।

२६५. पति र पत्नी दुवै जना पारिश्रमिक करदाताहरु भएमा मात्र छुट्टाछुट्टै व्यक्ति सरह आय विवरण पेश गर्न पाउने साविकको व्यवस्थालाई सवै दम्पतीहरुकालागि विस्तार गरी संयुक्त वा छुट्टाछुट्टै विवरण पेश गर्न छनौट गर्न पाउने सुविधा मिलाएको छु ।

२६६. मूल्य अभिबृद्धि कर समेत तिर्नु पर्ने गरी जुनसुकै प्रचार माध्यमबाट विज्ञापन गरेमा यस्तो खर्च कट्टा गर्न पाउने व्यवस्था गरेको छु ।

२६७. कम आय हुने करदातालाई राहत पुऱ्याउन छुटको सीमालाई बृद्धि गरी व्यक्तिको लागि रु. ५५ हजार र दम्पती वा परिवारको लागि रु. ७५ हजार कायम गरेको छु ।

२६८. मालपोत कार्यालयवाट गरिने जग्गा जमीनको मूल्यांकन व्यबस्थालाई व्यवहारिक, वास्तविक तथा वैज्ञानिक वनाउन पारदर्शी आधारहरु तय गरी जग्गा जमीनको मूल्यांकनमा परिवर्तन गरिने छ ।

२६९. व्यवस्थित शहरी बिकासको निमित्त सामूहिक आवास योजनालाई प्रोत्साहित गर्न सामूहिक आवास योजना अन्तर्गतको घर जग्गाको लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुरलाई न्यूनतम कायम गरिएको छ ।

२७०. हाल घर जग्गा खरिद बिक्रिको करोवारमा देखिएको शिथिलतालाई हटाई आर्थिक कृयाकलापमा बृद्धि गर्न मौजुदा घर जग्गा रजिष्ट्रेशन दस्तूर घटाएको छु ।

२७१. कृषि उत्पादकत्व बढाउन कसैले जग्गा खरीद गरी वा लिजमा लिई वा करारमा लिई कृषि खेती प्रयोजनका लागि जग्गाको चकलावन्दी गरेमा सोको लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तूर सम्वन्धित गाउँ बिकास समिति/नगरपालिकाको सिफारिशमा छुट हुने व्यबस्था मिलाएको छु ।

२७२. चालु आ.ब. मा उठाई आएको मालपोत तथा भूमिकर र घरजग्गा कर आगामी आ.ब. देखि स्थानीय निकायलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु ।

२७३. घर जग्गा रजिष्ट्रेशन दस्तुर, खानी, वन पैदावार र विद्युत उत्पादन गृह निर्माण तथा सञ्चालन वापत प्राप्त हुने रोयल्टीको वांडफांड स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २२० र स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार गर्ने व्यवस्था मिलाएको छु।

२७४. प्रत्यक्ष कर तर्फ गरिएको परिवर्तन तथा सुधारहरुबाट रु. १ अर्ब ७ करोड ४६ लाख थप राजश्व प्राप्त हुने अनुमान छ।

२७५. विभिन्न सरकारी प्रतिष्ठानहरुबाट श्री ५ को सरकारले निश्चित मापदण्डको आधारमा लाभांश प्राप्त गर्ने व्यवस्था मिलाई सोको प्रभावकारी अनुगमन गरिनेछ। त्यसैगरी श्री ५ को सरकारले असुल गर्नु पर्ने साँवा र व्याज रकमको एकिन गरी राजश्व परिचालन गर्न व्यवस्थित र संस्थागत ढंगले अनुगमन गरिनेछ।

२७६. विभिन्न क्षेत्रका रोयल्टी, दस्तुर, फि, शुल्कका दरहरुमा सुधार गरी समयानुकूल बनाईनेछ।

२७७. गैर कर राजश्व तर्फ गरिएको परिवर्तन तथा सुधारबाट रु. ७० करोड थप राजश्व परिचालन हुने अनुमान गरेको छु।

२७८. प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर वाहेक अन्य दरहरु यथावत राखेको छु। राजश्वको बर्तमान स्रोतबाट प्राप्त हुने रकम वाहेक कर र गैर कर राजश्वको दरहरुमा गरिएको परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. ५ अर्ब ५ करोड ७१ लाख थप राजश्व परिचालन हुन गई रु. ७ अर्ब खुद न्यून रहन जानेछ।

२७९. माथि मैले प्रस्ताव गरेको व्यय विवरण अनुसार न्यून हुने रु. ७ अर्ब आन्तरिक ऋणद्वारा उठाइनेछ।

सभामुख महोदय,

२८०. हाम्रो मुलुक आार्थिक-सामाजिक विकास र रुपान्तरणको एउटा महत्वपूर्ण मोडमा आइपुगेको छ। गरिबीको दुष्चक्रबाट निकालेर नेपाललाई प्रगति र परिवर्तनतर्फ उन्मुख गराउने थुप्रै सम्भावनाहरु देश भित्र विद्यमान छन्। मुलुकको सार्वजनिक स्रोतको व्यवस्थापन र लगानीलाई प्राथमिकताका क्षेत्रहरुमा प्रवाहित गर्दै बृहत आर्थिक सुधारको प्रभावकारी कार्यान्वयन र संस्थागत क्षमताको अभिवृद्धि गर्ने हाम्रो संकल्पबाट मुलुकको निजी क्षेत्र र विदेशी लगानीकर्ताका निम्ति लगानीका धेरै ठूला अबसरहरु सृजना हुने छन्। यो बजेटमा प्रस्तावित आर्थिक सुधारका कार्यक्रम, सरकारी लगानी एवं संस्थागत सबलीकरणका नीति र कार्ययोजनाको कार्यान्वयनबाट अर्थतन्त्रमा सकारात्मक परिणाम प्राप्त हुने विश्वास लिएको छु।

२८१. यस बजेट मार्फत प्रस्तुत गरिएका सुधारका प्रस्तावले विगतमा शुरु गरिएका आर्थिक उदारीकरण र पुनर्संरचनाका कदमहरुलाई सबलीकरण गर्दै अर्थतन्त्रका चुनौतीहरुलाई अबसरमा परिणत गर्न मद्दत पुऱ्याउने छ। आगामी आर्थिक बर्ष सरकारी बित्त व्यवस्थापनमा सुधार हुने, पूँजीको लागत प्रतिष्पर्धी हुने, लगानी तथा बचतको अनुपात बढ्ने, लगानीको उत्पादनशीलतामा सुधार हुने, निर्यात बृद्धि तथा शोधनान्तर बचत उल्लेख्य हुनुका साथै विनिमय दरमा स्थायित्व आउने अनुमान छ। यी सबै प्रयासको फलस्वरुप आगामी आर्थिक बर्षमा कूल गार्हस्थ उत्पादन करीव सात प्रतिशतले बढ्ने अनुमान गरेको छु। मूल्य बृद्धि दर पाँच प्रतिशतको हाराहारीमा रहने अनुमान छ। मुद्रा प्रदायको बृद्धिदरलाई १२ प्रतिशतमा सिमित गरिने छ। कूल गार्हस्थ उत्पादन संगको राजस्व परिचालनको अनुपात १२.५ प्रतिशत पुग्ने अनुमान छ। समग्रमा आगामी आर्थिक बर्षको बजेटको माध्यमबाट देशमा व्याप्त गरिबी र बेरोजगारीको अवस्थामा सुधार हुने विश्वास लिएको छु।

२८२. आर्थिक बर्ष २०५५/५६ को यथार्थ आय व्यय, आर्थिक बर्ष २०५६/५७ को संशोधित आय व्ययको अनुमान र आर्थिक बर्ष २०५७/५८ को अनुमानित आय व्यय संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।

२८३. श्री ५ को सरकार (कार्यविभाजन) नियमावली, २०५७ अनुसार मन्त्रालयहरुको कार्य विभाजनमा भएको हेरफेर अनुसार विनियोजन शीर्षक, उपशीर्षकलाई सोही बमोजिम मिलान गरी अनुसूचीहरुमा प्रस्तुत गरिएको छ ।

२८४. मित्रराष्ट्र तथा दातृ संस्थाहरुबाट श्री ५ को सरकारलाई दिइने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु सम्वन्धी संक्षिप्त विवरण छुट्टै प्रस्तुत गरेको छु ।

२८५. बजेट तर्जुमा गर्दा सल्लाह र सुझाव दिई सहयोग गर्नु हुने माननीय सांसदहरु, विभिन्न क्षेत्रका संघ-संस्था एवं महानुभावहरु, विद्वतबर्ग र नागरिक समाजका प्रतिनिधिहरु सवैप्रति म आभार प्रकट गर्न चाहन्छु । नेपालको आर्थिक-सामाजिक बिकास प्रयासमा निरन्तर सघाउ पुऱ्याउने मित्रराष्ट्र तथा दातृ संस्थाहरु तथा तिनका प्रतिनिधि सबैलाई आजको यस अवसरमा म श्री ५ को सरकारको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । नेपाल बिकास मञ्चको पेरिस बैठकलाई उच्च सफलताको श्रेय दिलाउने सम्पूर्ण दातृ राष्ट्र र संस्थाहरु, नागरिक समाज, विज्ञ एवं निजी क्षेत्रका प्रतिनिधिहरुलाई श्री ५ को सरकारको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छु ।

सम्माननीय सभामुख महोदय,

२८६. देश बिकासको अहम् चुनौतीलाई साकार पार्न हामी सम्पूर्ण नेपाली र मुख्यतया राजनैतिक नेतृत्व र दलहरुको काँधमा ठूलो दायित्व रहेको छ । यसका साथै देशका प्रवुद्ध जनता, पत्रकार र सचेत नागरिक समाजले हाम्रो आर्थिक र सामाजिक रुपान्तरणको स्वरुप र दिशालाई निरन्तर अनुगमन र सरकारलाई सचेत गराउने जिम्मेवारी बहन गर्नु पर्ने आवश्यकता देख्दछु । यस घडीले हामी सबैको कटिवद्धता र दृढ संकल्पको माग गरेको छ । अन्त्यमा, आर्थिक बर्ष २०५७/५८ को बजेटको सफल कार्यान्वयनको लागि सवै पक्षबाट सकृय सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

जय नेपाल ।